जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ७५ • २०७९ साल साउन १८ गते बुधबार (3 August, Wednesday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

# कोसीको ३४ ढोका खोलियो

**टुडे समाचारदाता**

राजविराज ।कोसी नदीमा मंगलबार बिहान पानीको सतह बढेसँगै ३४ वटा ढोका (फाटक) खोलिएको छ।कोसी नदीले हनुमाननगर कंकालिनी नगरपालिकाको वडा नम्बर १३ र १४ उच्च जोखिममा रहेको छ।

पानीको सतह बढेपछि दुवै वडामा उच्च सतर्कता(हाईअलर्ट) अपनाउन स्थानीय प्रशासनले चेतावनी दिएको छ। वडा १४ को डलुवा र वडा १३ को गोबरगाढामा जोखिम बढेको सप्तरीका प्रहरी उपरिक्षक (एसपी) अभिनारायण काफ्लेले जनाए।

'जोखिमयुक्त क्षेत्रमा सुरक्षाकर्मी परिचालन गरी कोसीको पश्चिमी तटबन्धको निगरानी बढाइएको छ' उनले भने , मंगलबार बिहान ११ बजे गरिएको मापनअनुसार कोसी ब्यारेजमा २ लाख १६ हजार ८५ क्युसेक प्रतिसेकेन्ड पानीको बहाव रहेको थियो ।तर राति ८ बजे पानीको वहावमा कमी आएको देखिएको उनले बताए ।पछिल्लो मापन अनुसार २ लाख ३८ हजार ४ सय ६५ क्यूसेक पानीको बहाव रहेको छ।

जलस्तर बढिरहेको बेला ३५ वटा ढोका खोलिएकोमा जलस्तरमा कमी आउन थालेपछि राति ३४ वटा ढोकालाई खुल्ला राखिएको उनले बताए।

कोसीले गोबरगाढास्थित आधारभूत विद्यालयको एउटा भवन भत्काएको र सामुदायिक भवनलाई समेत कटान गरिएको एसपी काफ्लेले जनाए।

वस्तीमा पानी पस्न सक्ने संभावना देखिएपछि बचाउका लागि हनुमानगर कंकालिनी नगरपालिकाका प्रमुख वीरेन्द्र माझी प्राविधिकहरुसित दिनभरि कोसी छेउमा सक्रिय थिए।

सप्तरीमा कोसीको जोखिम कम भए पनि उदयपुर जिल्लामा भने तटबन्धलाई कटान गर्न थालिएको छ।

## घुसको साढे २२ लाखसहित उपसचिव पक्राउ

**टुडे समाचारदाता**

काठमाण्डु ।संघीय सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिवलाई घुस रकम साढे २२ लाख सहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मंगलवार पक्राउ गरेको छ।

काठमाण्डुको एउटा होटेलमा सेवाग्राहीबाट ६ लाख रुपैया सहित पक्राउ परेका उपसचिव प्रमोद नेपाल चढेको गाडीबाट थप साढे १६ लाख नगद बरामद भएको अख्तियार दुरुपयोग आयोगले जनाएको छ।

सेवाग्राहीबाट घुसबापत लिएको ६ लाख रुपैयाँसहित पक्राउ परेका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव नेपालको साथबाट थप १६ लाख ५० हजार रुपैयाँ बरामद भएको अख्तियारले पुष्टि गर्दै नेपाललाई नियन्त्रणमा लिएको जनाएको छ।

आयोगको टोलीले उपसचिव नेपाललाई नागपोखरीस्थित एउटा होटेलबाट ६ लाख रुपैयाँसहित नियन्त्रणमा लिएको थियो। नेपालले चढेर आएका बा १ झ ९९४६ नम्बरको सरकारी गाडी खानतलासी गर्दा स्रोत नखुलेको थप १६ लाख ५० हजार रुपैयाँ फेला परेको अख्तियारका प्रवक्ता श्यामप्रसाद भण्डारीले जनाएका छन्। गाडीमा रहेको स्रोत नखुलेको रकम पनि नेपालले घुसबापत लिएको हुनसक्ने उल्लेख गर्दै प्रवक्ता भण्डारीले भने, ' यससम्बन्धी थप अनुसन्धान अघि बढाइएको छ।'

प्याराग्लाइडिङ सेवा सञ्चालनका लागि अनुमति चाहेका एकजना व्यवसायीले मन्त्रालयमा दिएका निवेदनलाई अड्काएर राखेका थिए। उपसचिव नेपालले रकमको मोलजोल गरी मात्र स्वीकृति दिने पक्षमा रहेका थिए। घुसका लागि उपसचिव नेपालले फाइल अड्काएको निवेदन व्यवसायीले अख्तियारमा दिएका थिए ।त्यसपछि अख्तियारको अनुसन्धान टोलीले निगरानीसमेत गरेको थियो।

## सही तरिकाले मास्क प्रयोग गर्ने विधि

### मास्क कसरी लगाउने ?

**१. हात राम्रोसँग धुने**
सफा फेस मास्क छुनुअघि राम्रोसँग साबुन पानीले हात धुने अथवा सेनिटाइजरको प्रयोग गर्ने।

**२. तपाईंको अनुहारमा मास्क राख्नुहोस्**
मास्कको सेतो रङको भाग अनुहारतर्फ ल्याउनुहोस्। मास्कको अर्को भाग अन्य रङको हुन्छ, प्राय निलो रङको हुने गर्छ र सेतो डोरीलाई कान पछाडि ल्याएर अड्याउनुहोस्।

**३. नाकमा परेको भागलाई थिच्नुहोस्**
नाकमाथि परेको मास्कको भागलाई हल्का थिच्नुहोस्।

**४. मास्कलाई चिउँडो मुनि तान्नुहोस्**
मास्कको तल्लो भागलाई चिउँडो मुनि तान्नुहोस्। निश्चित गर्नुहोस् कि मास्कले सधैँ तपाईंको नाक र मुख पुरै ढाक्दछ।

**५. मास्कलाई नछुनुहोस्**
एक पटक तपाईंले आफ्नो अनुहारमा मास्क राम्रोसँग राख्नु भएपछि फेरी नछुनुहोस्। मास्क छोएमा केवल भाइरस सर्ने जोखिम बढ्दछ।

### मास्क कसरी फुकाल्ने ?


**६. सावधानीपूर्वक मास्कलाई हटाउनुहोस्**
केवल मास्कको किनार र कानको पट्टीहरू छोएर तपाईंको अनुहारबाट मास्क हटाउनुहोस्। मास्कको अगाडि नछुनुहोस्, किनकि त्यो दुषित हुन सक्छ।

**७. मास्कलाई फोहोर फाल्ने भाँडोमा फाल्नुहोस्**
मेडिकल मास्क एक पटक मात्र प्रयोग गर्न मिल्छ / सकिन्छ। एक पटक मास्क हटाएपछि त्यसलाई फोहोर फाल्ने भाँडोमा फाल्नुहोस्।

**८. आफ्नो हात धुनुहोस्**
मास्कको प्रयोग गरिसकेपछि आफ्नो हात साबुन पानीले धुनुहोस्।

क्षीरेश्वरनाथ नगरपालिका
सखुवा महेन्द्रनगर, धनुषा, मधेश प्रदेश

Affiliated to CTEVT
SEE उतिर्ण विद्यार्थीहरुलाई फारम भर्न आवहान गरिन्छ।
ADMISSION OPEN
१ डिप्लोमा इन सिभिल इन्जिनियरिङ ३ वर्ष
२ डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ ३ वर्ष
३ PCL HEALTH LAB TECHNICIAN ३ वर्ष
फारम बुझाउने अन्तिम मिति २०७९-४-२६
प्रवेश परीक्षा मिति २०७९-५-४
PRE DIPLOMA IN
१ सिभिल सब-ओभरसियर १८ महिना
२ इलेक्ट्रिकल सब-ओभरसियर १८ महिना
३ अमिन नापी तालिम १८ महिना
छात्रवृत्तिको व्यवस्था



CENTRAL ENGINEERING COLLEGE (NTI)
जनकपुरधाम(रामानन्द चोक देखि दक्षिण राजमार्गको पश्चिम विजय भवन)
Tel: 041527336 ,9801124336, 9854024600, 9854029897, 9801048617
Email: centralegg@gmail.com

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा
CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरुबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो।

विशेषताहरू :
१. नेपाल रकारको विभिन्न स्वास्थ्य ंस्थामा काम गर्न एवं लोकेवा आयोगको परीक्षामा ामेल हुन पाइने।
२. स्वास्थ्य व्यवायी परिषद्ले तोकेको कार्यक्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल ञ्चालन वा काम गर्न किने।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुका ाथै नेपालमै Bachelor in Dental Surgery (BDS)/MBBS पढ्न पाइने (+2 Science को मकक्षता)

फाराम भर्ने अन्तिम मिति २०७९ श्रावण २६ गते सम्म
प्रवेश परिक्षा २०७९ भाद्र ४ गते शनिवार बिहान ११ बजे देखि

विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हास्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851

clear tv
SIM TV अब हर घर डिजिटल
MAX DIGITAL TV
NET TV DRIVEN BY INNOVATION
mero TV
Ch-44 Ch-146 Ch-48
टि भि टुडे जनकपुर घर घर सेट अप बक्समा TV TODAY Janakpur

# घरका ढोकामा नागको चित्र टाँसेर मनाइयो नागपञ्चमी



काठमाण्डु । प्रत्येक वर्ष श्रावण शुक्ल पञ्चमीका दिन मनाइने नागपञ्चमी पर्व मंगलबार घरका मूल ढोकामाथि ब्राह्मण पुरोहितबाट नागको तस्वीर टाँसी पूजाआराधना गरेर मनाइएको छ।

घरको मूल ढोकामाथि नागको तस्वीर टाँसेमा नाग, सर्प, बिच्छी जस्ता जीवबाट वर्षभरी दुःख नपाइने धार्मिक विश्वास रहिआएको छ । साथै चट्याङ, अग्निभय र मेघका कारणसमेत पीडित हुनुनपर्ने भन्ने कुराको उल्लेख बराहलगायतका पुराणमा गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्व अध्यक्ष प्रा डा रामचन्द्र गौतमले जानकारी दिनुभयो ।

काठमाडौँको नागपोखरी र टौदह, भक्तपुरको सिद्धपोखरीलगायत नेपालभरका नागदह, नागकुण्ड र नागस्थानमा नागको पूजाआराधना गरी मेला लाग्ने गर्दछ । साथै पशुपतिस्थित वासुकी मन्दिरमासमेत यस दिन विशेष पूजाआजा गर्ने गरिएको छ।

मंगलबार नाग पूजा गरेपछि खेतबारीमा खनजोत नगरी किसानले समेत आराम गर्ने गर्दछन् । आजको दिनमा खनजोत गरेमा नाग मारिन्छन् भन्ने धार्मिक विश्वास छ। घर, खेत, बारीमा पनि नागले बास गर्छन् भन्ने वैदिक मान्यता छ। यसै मान्यताका आधारमा खेतबारीमा नागस्थान बनाइ पूजा गरिन्छ। रासस

# अदालतबाट ९० लाख जरिबाना ठहर भएका थापा पक्राउ

काठमाण्डु । नेपाल प्रहरीले उच्च अदालत पाटनबाट रु ९० लाख जरिवाना ठहर भएका एकजनालाई पक्राउ गरेको छ । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरी टोलीले बैंकिङ कसुर मुद्दामा उच्च अदालतबाट रु ९० लाख जरिवाना ठहर भएका खोटाङको दिक्तेल घर भई काठमाडौँको पुरानो बानेश्वर बस्ने ३५ वर्षीय माया बस्नेत थापालाई सोमबार पक्राउ गरी मंगलबार सार्वजनिक गरेको हो ।

पक्राउ थापालाई रु ९० लाख भएको बैंकिङ कसुरसम्बन्धी मुद्दामा उच्च अदालत पाटनले पक्राउ पुर्जी जारी गरेको थियो । फरार रहेकी थापालाई ललितपुरको बगलामुखीबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ थापालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरी वृत्त बालाजु पठाइएको सो कार्यालयले जनाएको छ। रासस

# सक्रिय सङ्क्रमित पाँच हजार नाघे, ८१४ सङ्क्रमित थपिए

काठमाण्डु । पछिल्ला दिनयता सयौँको संख्यामा सङ्क्रमित थपिएसँगै कोरोना भाइरसको सक्रिय सङ्क्रमितको संख्या पाँच हजार नाघेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार सक्रिय सङ्क्रमितको संख्या पाँच हजार १४४ पुगेको छ।

मंगलबार पाँच हजार ४१५ नमूनाको परीक्षण गर्दा ८१४ सङ्क्रमित फेला परेका छन् । दुई हजार ७६२ नमूनाको आरटी पिसिआर परीक्षण गर्दा ५०९ र दुई हजार ६५३ नमूनाको एन्टीजेन परीक्षण गर्दा ३०५ जनामा सङ्क्रमण पुष्टि भएको हो ।

सङ्क्रमितमध्ये होम आइसोलेनमा चार हजार ९८५, संस्थागत आइसोलेनसमा १५९, आइसियुमा ३८ र भेन्टिलेटरमा पाँच जनाको उपचार भइरहेको छ । हालसम्म नेपालमा नौ लाख ७३७ मा कोरोना सङ्क्रमण पुष्टि भएको छ। हालसम्म नौ लाख ७० हजार ६२५ सङ्क्रमणमुक्त भएका छन् भने ११ हजार ९६८ को मृत्यु भएको छ।

मंलगबार २९९ कोरोना सङ्क्रमणमुक्त भएका छन् । मंगलबार ११ हजार ५१३ ले कोरोनाविरुद्धको खोप लगाएका छन् । नेपालमा हालसम्म दुई करोड १५ लाख ६३ हजार ६५३ ले खोपको पहिलो मात्रा, दुई करोड पाँच लाख ९२ हजार ४१६ ले खोपको पूर्ण मात्रा र ७२ लाख ७८ हजार ५५७ ले अतिरिक्त मात्रा लगाएको मन्त्रालयले जनाएको छ। रासस

# आयातकर्तालाई १० करोड जरिवाना

वीरगञ्ज । दुबईबाट खाद्यन्न सामग्री (मुङको दाल) भनेर ल्याइएको कन्टेनरमा विदेशी ब्रान्डका चुरोट बरामद भएको घटना प्रकरणमा भन्सार कार्यालयले आयातकर्ता कम्पनी कालिका इन्टरप्राइजेज प्रालिलाई रु १० करोड ७२ लाख जरिवाना तोकेको छ ।

दुबईबाट भारतसम्म पानी जहाजमा र भारतको कोलकोत्ताबाट रेलमार्ग हुँदै मुङको दाल भनेर सुक्खा बन्दरगाहमा वीरगञ्जसम्म ल्याइएको (जीइएसयू ५०४८८०३४५ जी१) नम्बरको कन्टेनरमा गत जेठ १३ मा शङ्का लागि जाँच गर्दा उक्त ठूलो परिमाणमा विदेशी ब्रान्डको चुरोट फेला परेको थियो ।

दालको कन्टेनरभित्र चुरोट आयात गर्ने कम्पनी काठमाडौँ टोखाको कालिका इन्टरप्राइजेज प्रालिका सञ्चालक काठमाडौँ टोखाका नवराज गिरीलाई भन्सार ऐन अनुसार नक्कली मालसामान घोषणा गरेबापत बिगो जरिवाना रु १० करोड ७२ लाख जरिवाना तोकिएको भन्सार कार्यालयका सूचना अधिकारी सन्तोष न्यौपानेले जानकारी दिनुभयो ।

कन्टेनर जाँच्दा २६ हजार छ सय दश किलो दाल घोषणा गरिएको कन्टेनरमा १४ हजार आठ सय २५ किलो मात्र दाल थियो । यसबाहेक ५८ लाख ३८ हजार चार सय खिल्लीका चार सय कार्टुन विदेशी चुरोट भएको फेला परेको थियो । उक्त बिगो जरिवाना बापतको रकम तिरेपछि सो कम्पनीले माल लैजान पाउने कार्यालयले जनाएको छ।

अन्यथा कानुन बमोजिम कारबाही प्रक्रिया अघि बढ्नेछ। कार्यालयका अनुसार बन्दरगाह नाकामा विभिन्न मालसामान भित्र्याउने तीन वटा फरक-फरक रङ्को लेन हुन्छ। उक्त कन्टेनर पहैंलो लेनबाट आएको थियो।

कन्टेनरको अगाडि र पछाडिको भागमा मुङ दालको बोरा र बीचमा भने चुरोटका कार्टुन राखेको भेटिएको थियो । कन्टेनरबाट इन्डोनेसियन ब्रान्ड गुडाङ गरम र बेलायती ब्रान्ड मोन्ड भेरियन्सका चुरोट फेला परेको थियो।

भन्सार ऐनको दफा ५७ अनुसार घोषणा गरिएको वस्तु र परिमाण फरक भेटिएकोले नियमानुसार बिगो जरिवाना गरिएको र नियमानुसार कारबाही प्रक्रिया अघि बढाइएको कार्यालयका अनुसन्धान अधिकृत भूपेन्द्र कार्कीले जानकारी दिनुभयो ।

यसरी जरिवाना गरिएपछि भन्सार कार्यालयले कम्पनी सञ्चालक गिरी ( धादिङ ) र भन्सार एजेन्ट नीरञ्जन घिमिरे ( मकवानपुर) लाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालय पर्सालाई पत्राचार गरिसकेको छ । उनीहरूलाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालयमा लेखिपठाइएको पर्साका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक प्रल्हाद कार्कीले जानकारी दिनुभयो। रासस

# नापतौलको गुणस्तर व्यवस्थापनका लागि विधेयक

काठमाण्डु। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले स्ट्यान्डर्ड नाप र तौल (पाँचौँ संशोधन) विधेयकले विश्वबजारमा जाने नेपाली सामानलाई प्रमाणीकरण गरी विश्वसनीयता बढाउन टेवा दिने बताउनुभएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा राष्ट्रियसभाबाट सन्देशसहित प्राप्त 'स्ट्यान्डर्ड नाप र तौल (पाँचौँ संशोधन) विधेयक, २०७८ माथि विचार गरियोस्' भन्ने प्रस्तावमाथिको छलफलमा उठेका विषयमा जवाफ दिँदै मन्त्री बडूले नापतौलका क्षेत्रमा मुलुकमा समरूपता परीक्षण, निरीक्षण र गुणस्तरीयताका लागि विधेयक आवश्यक भएको बताउनुभयो। उहाँले नापतौलको गुणस्तर व्यवस्थापन, अन्तर्राष्ट्रियस्तरको वैज्ञानिक पद्धति र आधुनिक प्रविधिको उपयोग गर्नेगरी विधेयक ल्याइएको जानकारी दिनुभयो।

बैठकले सो विधेयकलाई विचार गरियोस् भन्ने प्रस्ताव पारित गरेको थियो । प्रतिनिधिसभाको अर्को बैठक यही साउन २२ गते आइतबार बिहान ११ बजे बस्नेछ। रासस

# नेप्से परिसूचकमा झिनो अङ्कको गिरावट

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार झिनो अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २.७६ अङ्कले ओरालो लागेर दुई हजार १९३.४८ मा ओर्लेको हो। ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ओरालो लागेर ४२१.१३ मा ओर्लेको छ।

कूल २१७ कम्पनीको ७८ लाख १३ हजार १०२ कित्ता शेयर रु तीन अर्ब २९ करोड ३२ लाख ३४ हजार ७०६ मूल्यमा खरिद बिक्री भए।

नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूहमध्ये आज छ उपसमूहको शेयर मूल्यमा उकालो लागेको छ भने सात उपसमूहको शेयर मूल्य भने गिरावट भएको छ । व्यापार ४३.४२, जलविद्युत् २८.२९, वित्त २४.२८, उत्पादन ०.९२, लघुवित्त ४१.६६ र सामूहिक लगानी कोष ०.०३ अङ्कले उकालो लागेका छन् । यस्तै, बैंकिङ ६.२६, होटल तथा पर्यटन २८.३२, विकास बैंक २२.३५, निर्जीवन बीमा ७.६६, अन्य १७.३१, जीवन बीमा ६२.६३ र लगानी ०.४४ अङ्कले ओरालो लागे।

मङ्गलबारको कारोबारपछि बजार पूँजीकरण रु ३१ खर्ब ३२ अर्ब १६ करोड ५० लाख ६५ हजार ९६० बराबर रहेको छ । कारोबारका आधारमा शिवम सिमेन्ट शीर्ष स्थानमा छ। सो कम्पनीको रु २९ करोड ३२ लाख २७ हजार १५६ बराबरको कारोबार भयो । हिमालयन डिस्टिलरी रु नौ करोड ९५ लाख ४३ हजार ७२५, फरवार्ड माइक्रो फाइनान्स रु नौ करोड २४ लाख ७३ हजार १५३, गुडविल फाइनान्स रु नौ करोड चार लाख ३० हजार ८३६ र युनाइटेड इदी मर्दी आरबी हाइड्रोपावर रु सात करोड ६० लाख नौ हजार बराबरको कारोबार भयो।

नेप्सेका अनुसार विन्दबासिनी हाइड्रोपावर ९.९९, समालिङ पावर कम्पनी ९.९८, हिमाल दोलखा हाइड्रोपावर ९.९७, रिभर फल्स पावर ८.५३, फरवार्ड माइक्रो फाइनान्सका लगानीकर्ताले ७.६९ प्रतिशतले कमाएका छन्।

त्यस्तै, राष्ट्र उत्थान लघुवित्त ४.२४, गुडविल फाइनान्सको ऋणपत्र ३.९५, किसान लघुवित्त ३.९०, गणपति लघुवित्त ३.६४ र सपोर्ट माइक्रो फाइनान्सका लगानीकर्ताले ३.३८ प्रतिशतले गुमाएका छन् ।रासस

# विधेयक पारित




विराटनगर । 'प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८' मंगलबार सर्वसम्मतले पारित भएको छ।

प्रदेश नं १ को प्रदेशसभा नियमावली, २०७४ (संशोधन समेत)को नियम १०८ बमोजिम यातायात व्यवस्था तथा सञ्चारमन्त्री उपेन्द्रप्रसाद घिमिरेले सो प्रस्ताव सदनमा पेश गर्नुभएको थियो। प्रदेशसभाको बैठकको शून्य समय तथा विशेष समयमा सडक तथा पूर्वाधार तथा सहरी विकास मन्त्रालयको विषयमा उठेका प्रश्न तथा जिज्ञासाका बारेमा मन्त्री हिमाल कार्कीले जवाफ दिनुभयो।

उहाँले प्रदेशमा धेरै सडक सङ्घीय सरकारको मातहतमा रहेको जानकारी दिँदै सङ्घीय सरकारको योजना एवं बजेटबाट बनिरहेका यस्ता सडक बाटोको गुणस्तरमा विशेष ध्यान दिइने बताउनुभयो। उहाँले सदनमा सदस्यले उठाएको प्रश्न र जिज्ञासालाई सकारात्मकरूपमा लिएको धारणा राख्दै प्रदेश सरकारले प्रदेशमा धेरै पुल, सडक, कवर्ड हल, झोलुङ्गे पुलमा बजेट विनियोजन गरेको जानकारी दिनुभयो।

प्रदेश नं १ को प्रदेशसभा नियमावली, २०७४ को (संशोधन समेत)को नियम ९३ बमोजिम 'प्रदेश प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८' माथिको सैद्धान्तिक छलफल समाप्त भएको छ । यसअघि प्रदेशसभा सदस्य पदमकुमारी गुरुङ र सीतादेवी थेवे जवेगुले यो विधेयकले प्रदेशको भाषा, कला र संस्कृतिको विकासमा मद्दत गर्ने धारणा राख्नुभएको थियो।

छलफलमा उठेको विषयमा पर्यटन तथा संस्कृतिमन्त्री खिनु लङ्वा लिम्बूले विधेयकले प्रदेशमा रहेका जातजाति, भाषा, कला, संस्कृतिको जगेर्ना गर्न मद्दत गर्ने बताउनुभयो। उहाँले हरेक जातजातिको भाषा, कला र संस्कृतिलाई सम्वर्द्धन गर्न संविधानमा व्यवस्था भएको र सोहीअनुसार विधेयक आएको जानकारी दिनुभयो।

'प्रदेश सञ्चारमाध्यम व्यवस्थापन गर्न बनेको विधेयक संशोधनसहित दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भनी प्रस्ताव पनि सर्वसम्मतिले पारित भएको छ।

**विशेष समय**

नेपाली कांग्रेस संसदीय दलको तर्फबाट सदस्य लीला सुब्बाले पूर्व क्षेत्रको प्रशासनिक केन्द्रको रूपमा रहेको धनकुटालाई प्रदेश सरकारले बेवास्ता गरेको आरोप लगाउनुभयो । उहाँले कुनै समयमा प्रत्येक विभागको निर्देशनालय रहेको धनकुटा अहिले मृतावस्थामा देखिएकाले यसको उत्थान एवं विकासमा प्रदेश सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले धनकुटामा एक आधुनिक अस्पताल निर्माण हुनुपर्ने माग राख्दै सरकारले प्रदेशको नाम पहिचान देखिने र द्वन्द्व मेटिने किसिमको राख्न सुझाव दिनुभयो।

विशेष समयमै जनता समाजवादी पार्टी नेपालका तर्फबाट प्रदेश सभासदस्य रामचन्द्र लिम्बूले अहिले कुनै पनि दलको दुई तिहाइ बहुमत नरहेको अवस्थामा प्रदेशको नामकरण गर्न समस्या देखिएको बताउनुभयो । उहाँले गठबन्धन दलको बहुमत पनि नपुग्ने र प्रदेशको नामकरण गर्न नेकपा एमालेको पनि साथ सहयोग आवश्यक रहेको जानकारी दिँदै प्रदेशको नाम किराँत लिम्बूवान राख्नुपर्ने धारणा राख्नुभयो।

**शून्य समय**

प्रदेशसभा सदस्य उमिता विश्वकर्माले प्रदेशको नाम ऐतिहासिक र पहिचानको आधारमा राख्न सुझाव दिनुभयो भने अर्का सदस्य पूर्णकुमार राजवंशीले प्रदेशको नाम कोचिला प्रदेश हुनुपर्ने अडान राख्नुभयो । प्रदेशसभाको अर्को बैठक साउन २२ गते दिउँसो १ बजे बस्नेछ। रासस

# कर्मचारी समायोजन सम्बन्धी विवादको निर्णय भदौ १ मा

काठमाण्डु। सर्वोच्च अदालतले कर्मचारी समायोजनसम्बन्धी विवादको सुनुवाइ सकिएपछि आगामी भदौ १ गते निर्णय सुनाउने भएको छ।

कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्की, न्यायाधीशहरु विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा, बमकुमार श्रेष्ठ र टङ्कबहादुर मोक्तानको संवैधानिक इजलासमा मंगलबार सुनुवाइ सकिएपछि पेसी सुनाउने मिति तय गर्ने निर्णय गरेको हो।

उक्त विवादमा गत शुक्रबारदेखि सुनुवाइ निरन्तर गर्दै आज सकिएको हो। सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीले दायर गरेको ९९ थान निवेदनमाथि सुनुवाइ भएको हो।

सर्वोच्च अदालतले यसअघि गरेको फैसलामा सरकारले गरेको कर्मचारी समायोजनलाई कानूनसम्मत ठहऱ्याउँदै समायोजन भएका कर्मचारीलाई फेरि सङ्घीय निजामती सेवामा फर्काउनु नपर्ने फैसला गरेको थियो। रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : पारिवाहिक सुख । |
| बृश्चिक | : वाद विवादबाट बच्नु । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : धन बृद्धि सञ्चय । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# झुटो विकासले चुनाव जितिदैंन्

नेपालमा आमनिर्वाचनको मिति घोषणा नभए पनि चुनावको तयारीमा नेताहरु जुटिसकेका छन् ।गाउँ/सहरमा विकासका झुटो भाषणगर्दै जनतालाई प्रभावित गर्ने प्रयासमा केही नेताहरु लागेका छन् ।बजेट पुस्तिकामा योजनाको नाम उल्लेख नभएको र कुनै मन्त्रालयले समेत अलगैबाट बजेट विनियोजन नगरेका योजनाहरुको पनि शिलान्यास हुन थालेको छ ।रातो किताबमा प्रकाशित योजनाहरुको हानथाप भइरहेको छ ।योजनाहरुमा धैरै दलका धैरै नेताहरुले हानथाप गर्न थालेका छन् । हाल सम्म मंसिरमा चुनाव हुने बलियो संभावना देखिएको छ ।हुनत चुनाव घोषणा हुन बाँकी छ ।तर उम्मेदवार हुने चाहना राखेका नेताहरुको अहिले क्षेत्रमा दौडादौड छ ।केन्द्रीय तहमा नेताहरु गठबन्धनको सबालमा फरक फरक मत राख्ने गरेपनि हाल कायम रहेको पाँच दलीय गठबन्धनमा रहेका दलहरुले केन्द्रीय समितिबाट निरन्तरता दिने निर्णय गरेका छन् ।गठबन्धन बाहिर रहेको नेकपा एमालेले पनि गठबन्धन गर्ने प्रयासमा छ ।चुनाव घोषणा भएपछि गठबन्धनको विषयमा टुंगो लाग्ने छ ।अहिले जनतामा चर्चा पाउन नेताहरु दौडादौड गरिरहेका छन् ।उनीहरुले जनतालाई अनेक आश्वासन दिन थालेका छन् ।प्रतिनिधि सभा र प्रदेश सभामा रहेका कतिपय सदस्यहरुले पनि मतदातालाई प्रभावित गर्न विपक्षीको आलोचना गर्ने प्रवृतिमा सुधार देखिएको छैन् ।तराई मधेशमा अनेक समस्या छ ।बाढी, यातायात, शिक्षा, स्वास्थ्य, स्वच्छ पानी, सिंचाई, मलखाद लगायतका कयौं समस्याहरु छन् ।तर यी समस्याहरु नौलो भने होइन् ।लामो समयदेखि चलिआएका यस्ता समस्याहरुको समाधानका लागि ठोस पहल जनप्रतिनिधिले कहिल्यै गरेनन् ।तराई/मधेशमा रहेका अपराधजन्य सामाजिक विकृतिहरु बोक्सी, दाइजो प्रथा, जातिय विभेदलाई हटाउन पनि सकिएको छैन् ।रोजगारीको पर्याप्त अवसर सृजना हुन सक्ने प्रचुर संभावना रहे पनि यहाँका युवाहरु विदेशिएका छन् ।अन्नको भण्डार मानिने तराई/मधेशका खेतहरु अहिले बाँझो रहेको छ ।खेतीगर्ने जनशक्ति छैन् ।कृषियन्त्रको पनि पर्याप्तता छैन् ।यन्त्र भए पनि त्यो सबैको पहुँचमा छैन् ।तराई मधेशका आधारभूत समस्याहरुलाई समाधान गर्न ठोस पहल आवश्यक छ ।चुनावको बेला झुटो आश्वासन दिएर मत लिएपछि फेरि फर्केर चुनावमै आउने प्रवृति विद्यमान नै छ ।काम गरेको आधारमा जनताको मत माग्नु पर्ने हो ।तर काम भन्दा पनि कमिसन प्रवृतिले बढेकाले विकास हुन सकिरहेको छैन् ।बजेट रकम कम्ती छैन् ।तर त्यसको सदुपयोग भइरहेको छैन् ।विकासका नारा सबैले दिन्छन् ।तर ठोस विकास गरेको कसैले देखाउन सक्दैन् ।दीर्घकालीन विकासको खाँचो छ ।त्यसका लागि नेताहरुमा दूरदृष्टि चाहिन्छ ।चुनावको बेला शिलान्यास गरिएका सयौं योजनाहरुको शिलालेख पनि हराइसकेका छन् ।कमिसनको कारण बस्ती नभएको स्थानमा सडक निर्माण गरिन्छ ।असारमा सुरु भएर असारमै सम्पन्न हुने योजनाहरु साउनमा भत्किन थाल्छ ।नेतृत्व गर्नेले राज्यको ढुकुटिबाट झिकेका रकमलाई जनताको बृहत्तहित हुने कार्यमा लगाउनु पर्छ ।

# मधेस प्रदेशका ठूला बन्दउद्योग र रोजगारीको सम्भावना



सञ्जय साह मित्र

मधेस प्रदेशकातिन ठूलो उद्योगहरु बन्दअवस्थामा रहेका छन् । पर्सा जिल्लामा रहेको वीरगंजचिनीकारखाना लिमिटेड र धनुषाजिल्लामा रहेको जनकपुर चुरोट कारखाना लिमिटेड सरकारी ठूला उद्योगहरु हुन् भने रौतहटमा रहेको श्री राम सुगर मिल्स लिमिटेड सरकारको पनि स्वामित्वभएको निजी क्षेत्रको ठूलो उद्योग हो । यीतिनउद्योगमानिकै ठूलो लगानी रहेको छ र यीतिनउद्योग संचालनमाआएमा धेरै मानिसले रोजगार पाउनेमादुई मत छैन । साँच्चिकै यीतिनउद्योग यदि एक साथ संचालनहुन सक्छन् भने प्रदेशको आर्थिक विकासमानिकै ठूलो योगदानपुग्नेमापनिदुई मतहुनु हुँदैन । प्रदेशकाबन्दयीतिनउद्योगलाई हेर्ने हो भने दुई प्रकृतिका देखिन्छन् । दुई उद्योग उखुसित सम्बन्धित छन् भने एक उद्योग सूर्तीसित सम्बन्धित छ । वास्तवमायीतिनउद्योगहरु किसानसित सम्बन्धित छन् अर्थात् उद्योगहरु संचालनमाल्याउन सकिएमाकिसानहरु पनिलाभान्वित हुन्छन् । चिनीमिल संचालनमाआउँदाउखु किसान र चुरोट कारखाना संचालनमाआउँदा सूर्ती किसान सोझै लाभान्वित हुन्छन् । भूगोलको दृष्टिले यस्तो पनि देखिएको छ कि एउटा उद्योग प्रदेशको राजधानीमै रहेको छ भने अर्को उद्योग देशको आर्थिक राजधानीमा रहेको छ । तेस्रो उद्योग भने ग्रामीण क्षेत्रमा रहेको छ । ग्रामीण क्षेत्रमा रहे पनिउद्योगले सहायक राजमार्गलाई छोएको छ । अर्थात् पूरै रिमोट एरियामा छैन ।

चिनीउद्योगले अर्थतन्त्रमा कसरी भूमिका खेल्दछ भन्ने उदाहरण हेरौं । उद्योग संचालनको लागिउखु चाहिन्छ । उखुको उत्पादनकिसानले खेतमागर्दछन् । खेतमाउखुको उत्पादन गरेपछि किसानले उद्योगबाट नगद पाउँछन् । नेपालमाउखुलाई नगदे बालीको रुपमालिइएको पाइन्छ। किसानले नगदपाउँदानगदलाई जुनसुकै काममाउपयोग गर्न पाउँछन् । किसानलाई पनिउखु खेतीमाजतिलगानी र परिश्रम गर्नुपर्दछ र जति रकमनगदप्राप्तगर्दछन्, त्यत्तिकै नगदपाउनको लागि तरकारी खेतीवाअन्यव्यावसायिक खेतीगर्नु पर्दछ । खाद्यान्न बालीबाट उखुबाट जति रकमकिसानले कुनै पनिमूल्यमापाउन सक्दैनन् । भन्नुको तात्पर्यहो किसानले कमलगानी र कम परिश्रममाउखु खेतीबाट राम्रो आम्दानीप्राप्तगर्दछन् ।

किसानले उखु खेतीबाट आयआर्जन गर्दछन् । किसानको हातमानगदपुग्दाकिसानका छोराछोरीको पढाइमा सहयोग पुग्दछ । औषधिउपचारमा सहयोग पुग्दछ । लवाइ र खवाइमा सहयोग पुग्दछ । नगदप्रवाहमाकिसानलाई सहयोग पुग्नु भनेको किसानको जीवनस्तरमा सुधार ल्याउनु हो । आज जसरी ऋण नै नपाएर किसानहरु छटपटिएका छन् यदिचिनीउद्योगहरु संचालनमाहुँदाहुन् त किसानले अहिले भोगिरहेको आर्थिक समस्याभोग्नु पर्दैनथ्यो वा धेरै कमहुन्थ्यो । गाउँमा सोझै नगदपुग्ने भनेको यस्तै उद्योगमार्फत हो । कृषिमाआश्रित उद्योगहरु संचालनमाआउँदाकिसानहरु लाभान्वित हुन्छन् । सबैले बुझेका छन् जबसम्म साधारण किसानको पहुँच समृद्धिमा हुँदैन तबसम्म देश समृद्ध बन्दैन ।

चिनीउद्योगमाकर्मचारीहरु हुन्छन् । मजदुरहरु हुन्छन्।कारखानासंचालनभएकोसमयमाउखुपुऱ्याउनसयौं ट्र्याक्टर परिचालित हुन्छन् । ट्र्याक्टरको एक साहु हुन्छन् र त्यसमा एक जनाचालक हुन्छन् । यसरी कर्मचारी, मजदुर, ट्र्याक्टर मालिक र चालक सबैले सोझै चिनीकारखाना संचालनहुँदाफाइदापाइरहेकाहुन्छन्।चिनीउद्योगसंचालनमारहँदाउद्योगको आसपासकाविभिन्नकिसिमकादर्जनौं पसलको बिक्री बढ्छ। चिनीउत्पादनहुँदात्यसकोढुवानी, भन्डारण, बिक्रीगर्ने सम्पूर्ण संयन्त्रले प्रत्यक्षवाअप्रत्यक्षआयगरिरहेका हुन्छन् । यसरी कृषिमाआश्रित चिनीउद्योगसित धेरै पक्षजोडिएको हुनालेबन्दरहेकादुईठूलाचिनीउद्योगलाईसंचालनमाल्याउनु अत्यावश्यक देखिएको छ ।

जचुकालिपनिकिसानसितप्रत्यक्षजोडिएको उद्योग हो । चुरोटको उत्पादनको लागिचाहिने मुख्यकच्चापदार्थ सूर्ती हो । सूर्तीको उत्पादन खेतमा नै हुने भएकोले सोझै किसानको हातमानगदजाने हुन्छ । अहिले पनि देशमाविभिन्न चुरोट कारखानाहरु संचालनमा रहेका छन् । चुरोटकारखाना संचालनमा रहँदातिनीहरुले नाफाकमाइरहेका छन् । रोजगारी दिएका छन् भने सरकारी स्वामित्वको चुरोट कारखाना संचालनमाकिनल्याउन सकिन्न? सर्वसाधारणको माग नै रहेको छ किजचुकालिले पुनर्जीवनपाउनु आवश्यक छ । सबै तहको सरकार मिलेर जचुकालिलाई संचालनमाल्याउनु आवश्यक छ। आखिरमा सबैभन्दा बढी फाइदा यसै प्रदेशलाई हुने हुन्छ भन्ने भनाइमा सत्यता रहेको छ ।

तिनउद्योगको भौतिकअवस्थालाई हेर्ने हो भने खरबौंको सम्पूर्ण भौतिक सम्पत्ति रहेको छ। वीरगंज र जनकपुर जस्ता ठूलो सहरको झन्डै बिचमा नै उद्योगको बिघौंबिघा जमिन छ । अतिमूल्यवानजमिनको मूल्यांकननगरौं तर उद्योग संचालनभएमा सबैभन्दा बढी फाइदायहींका स्थानीयबासीलाई हुने हुन्छ । जहाँमानिसहरुको आवतजावत बढ्दछ त्यहाँ नै प्रत्यक्षवा परोक्ष फाइदा स्थानीयमानिसले लिने हुन्छन् । यदिवीरगंज र जनकपुरमा रहेकाप्रदेशकादुई सरकारी ठूला उद्योगले पुनर्जीवन पाउँछन् भने यीदुई सहरको आर्थिक जीवनमापनिनिकै सकारात्मकप्रभाव पर्ने निश्चित छ। सर्वसाधारणको हातमाहुने नगदप्रवाह र मानिसको आवतजावतले गर्ने बजारमानगदको खर्च बढी हुने हुन्छ ।

सर्वसाधारणलाई रोजगारी दिनु पनि राज्यको धर्म हो । अहिलेको प्रवृत्तिमा सरकारले यस्ता ठूला उद्योग स्थापनागर्ने सोचाइ राखेको देखिदैन । हरेक वर्ष बन्दतथा रुग्ण उद्योगहरु संचालनमाल्याइने छ वाप्रयास गरिने छ भन्ने खबरहरु आइरहन्छन् । यस्ता खबरमाविराट जूट उद्योग, हेटौंडा कपडा उद्योग र जचुकालितथावीचिकापनि समावेश हुने गर्दछन् तर खासै प्रगतिहुने गरेको देखिन्न । समस्याजहाँको तहीँ रहने गरेको छ । अहिले देशमा देखिएको आर्थिक समस्यामुख्य गरी ग्रामीण समुदायमा देखिएको आर्थिक समस्यालाई हेर्ने हो भने यदियीउद्योगहरु संचालनमा रहेकाभए सर्वसाधारण किसान, मजदुर, कर्मचारी तथाअप्रत्यक्ष रुपमाजोडिएका अन्य परिवारमाअहिलेको जस्तो आर्थिक समस्याहुँदैनथ्यो ।

राजस्वको पाटो पनिनिकै महत्वपूर्ण रहेको छ । कसैको हातमानगदपर्दा नै राजस्वमा वृद्धि हुने हो । यदितिनओटा उद्योग बन्द हुन्छन् भने यीतिनउद्योगमाप्रत्यक्ष रोजगारी पाएकाकर्मचारी तथामजदुरदेखि किसानसम्मको हातमानगदप्रवाह रोकिन्छन् । र, यसलाई थोरै गहिरिएर विचार गर्ने हो भने चिनीतथा चुरोटको मागलाई पूरा गर्न विदेशबाट आपूर्ति गर्नु पर्दछ वागर्नु परिरहेको छ । यीदुई पदार्थको आपूर्तिमाजति रकमबाहिरिएको छ, बन्द रहेकायीतिनउद्योगको उत्पादनले पक्कै पनि देशको नगदविदेश जानबाट ठूलो अंशमा रोकिन्थ्यो । सामान्यअनुमानगर्न सकिन्छ, यदि देशको रकमबाहिरिनबाट रोक्नमाजति मद्दत हुन्थ्यो त्यत्तिले देशको वैदेशिक रकम संचितिमा सकारात्मकप्रभाव पर्ने हुन्थ्यो । कम्तीमा एक अंश त प्रभावपर्थ्यो नै । अहिले वैदेशिक रकम संचितिको महत्व सर्वसाधारणले पनिबुझ्न थालेका छन् ।

जब महँगी वृद्धि हुन्छ तब सबैभन्दा बढी प्रभावितहुने किसानवर्ग नै हुन्छन् । अहिले विश्वव्यापीजुन रुपमामहँगी वृद्धिको अवस्थाले सर्वसाधारणको दैनिकीमापनिथोरबहुत असर गरेको देखिएको छ, त्यसबाटनेपाल रनेपालीपनि अछुतो रहेका छैनन्। विभिन्न संचार माध्यमले निर्यातभन्दाआयात बढी गर्ने अर्थात् वैदेशिकव्यापारमाअसन्तुलनहुने श्रीलंका, पाकिस्तान, बंगलादेश जस्ता देशहरुमा वैदेशिक रकम संचितिनिकै कमजोर भइसकेको जनाइरहेका छन् । नेपालमापनि बेला बेलामाआशंकाजन्यखबरहरु बजारमा आउँछन्।यस्तोअवस्थाभविष्यमाआउननदिनपनिजुनजुन कुराको उत्पादन देशमा सम्भव छ, ती सामग्रीको उत्पादनगर्ने उद्योग स्थापनागर्नु पर्छ, बन्दभएकाउद्योगहरुलाई पुनर्जीवनदिनु पर्छ । र, मधेस प्रदेशमाबन्द रहेका रोजगारी तथाकिसानको दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण यीतिनउद्योगहरुलाई यथासक्य छिटो संचालनमाल्याउनको लागि सम्बन्धितपक्षले पहलथालिहाल्नु पर्ने देखिन्छ । यीउद्योगको प्रत्यक्ष सम्बन्ध कृषिसितभएकोले कृषिउपज बढाउन र औद्योगिकवातावरण बनाउन दोहोरो लाभहुने देखिन्छ तथा यसबाट समग्र देश नै लाभान्वितहुने देखिन्छ । अतः देशको विकासमा योगदानदिन सक्ने सम्भावनाभएकाचिनीतथा चुरोट उद्योगले पुनर्जीवनपाऊन् ।

> *नगदप्रवाहमाकिसानलाई सहयोग पुग्नु भनेको किसानको जीवनस्तरमा सुधार ल्याउनु हो। आज जसरी ऋण नै नपाएर किसानहरु छटपटिएका छन् यदिचिनीउद्योगहरु संचालनमाहुँदाहुन् त किसानले अहिले भोगिरहेको आर्थिक समस्याभोग्नु पर्दैनथ्यो वा धेरै कमहुन्थ्यो। गाउँमा सोझै नगदपुग्ने भनेको यस्तै उद्योगमार्फत हो। कृषिमाआश्रित उद्योगहरु संचालनमाआउँदाकिसानहरु लाभान्वित हुन्छन्। सबैले बुझेका छन् जबसम्म साधारण किसानको पहुँच समृद्धिमा हुँदैन तबसम्म देश समृद्ध बन्दैन।*

# अमेरिकी ड्रोन हमलामा अल-कायदा प्रमुखको मृत्यु

**बीबीसी**

अल-कायदाका नेता अयमान अल जवाहिरी अमेरिकी ड्रोन हमलामा अफगानिस्तानमा मारिएको अमेरिकी राष्ट्रपति जो बाइडनले पुष्टि गरेका छन्। अमेरिकी गुप्तचर संस्था सीआईएको प्रतिआतङ्कवाद कारबाहीमा आइतवार अफगान राजधानी काबुलमा उनी मारिएका हुन्।

बाइडनले जवाहिरीले "अमेरिकी नागरिकहरू विरुद्ध हत्या र हिंसाको गोरेटो कोरेको" बताए। "अब न्याय मिलेको छ र यी आतङ्कवादी नेता जीवित छैनन्," उनले भने। अधिकारीहरूका अनुसार सुरक्षित घरको कौसीमा बसिरहेका जवाहिरीमाथि ड्रोनले दुई वटा क्षेप्यास्त्र प्रहार गरेको थियो। उनको परिवारका अन्य सदस्यहरू सँगै भए पनि उनीहरूलाई कुनै क्षति नपुगेको र जवाहिरीमात्रै मारिएको उनीहरूले बताएका छन् । बाइडनले आफूले ७१ वर्षीय अल-कायदा नेता विरुद्ध "लक्षित हमला"का लागि अन्तिम स्वीकृति दिएको बताएका



छन्। सन् २०११ मा ओसामा बिन-लादेन मारिएपछि जवाहिरीले अल-कायदाको नेतृत्व लिएका थिए। सेप्टेम्बर ११ मा अमेरिकाका विभिन्न ठाउँमा भएको हमलाको योजना बिन-लादेन र उनले संयुक्त रूपमा बनाएका थिए। उनी अमेरिकाको "मस्ट वण्टेड" आतङ्कवादी खोजी सूचीमा थिए । बीबीसीका अफगानिस्तान संवाददाता सकन्दर कर्मानी जवाहिरी मारिएको भनिएको स्थानमा पुगेका छन्। अल-कायदा नेता मार्दा सन् २००१ को आक्रमणबाट पीडितका परिवारहरूलाई न्याय मिलेको महसुस हुने बाइडनले बताए ।

जवाहिरी सन् २००० मा १७ अमेरिकी सैनिक मारिने गरी भएको विस्फोट लगायत अन्य हिंसात्मक घटनाका पनि योजनाकार रहेको बाइडनले बताए । "जतिसुकै समय लागोस्, जहाँसुकै तिमी लुकेर बस यदि तिमी हाम्रा जनताका लागि खतरा छौ भने संयुक्त राज्य अमेरिकाले तिमीलाई बाहिर ल्याएरै छोड्छ," उनले भने । "हामी हाम्रो देश र जनताको रक्षा गर्ने कुरामा कुनै सम्झौता गर्दैनौं।"तालिबानका प्रवक्ताले अमेरिकी कारबाहीलाई अन्तर्राष्ट्रिय मान्यताको स्पष्ट उल्लङ्घन भनेका छन्।

"यस्ता कदमहरू विगत २० वर्षका असफल अनुभवको पुनरावृत्ति हुन् र यी अमेरिका, अफगानिस्तान र यो क्षेत्रकै हितको विरुद्धमा छन्," तालिबान प्रवक्ताले भने । नेत्र चिकित्सक रहेका जवाहिरीले इजिप्टमा इस्लामिक जिहाद सैन्य समूह स्थापनामा सहयोग गरेका थिए। तर अमेरिकी सैनिकबाट सन् २०११ मा बिन-लादेन मारिएपछि उनी अल-कायदाको नेतृत्वमा आए । कतिपय विज्ञहरूले सन् २००१ को सेप्टेम्बरमा अमेरिकामा भएको शृत्त लाबद्ध आक्रमण उनकै परिकल्पनामा भएको ठान्ने गरेका छन् । सन् १९८०को दशकमा इस्लाम सैन्य गतिविधिमा संलग्न भएको कसुरमा थुनामा परेका यी पूर्व चिकित्सक जेलबाट छुटे लगत्तै देश छोडेर जिहादी अभियानमा सक्रिय भएका थिए । पछि उनी अफगानिस्तान पुगेर साउदी अरेबियाका धनाढ्य बिन-लादेनको सङ्गठनमा आबद्ध भए। उनीहरूले संयुक्त रूपमा अमेरिका विरुद्ध युद्धको घोषणा गरेका थिए।

लादेनपछि नेतृत्वमा आएका जवाहिरी अल-कायदाको नेतृत्वमा रहे। तर इस्लामिक स्टेट जस्ता नयाँ समूहहरू अगाडी आएपछि उनको प्रभाव पनि कमजोर बनेको थियो । बीबीसीका सुरक्षा संवाददाता गोर्डन कोरेरा जवाहिरी अल-कायदाको सिद्धान्तकार रहेको बताउँछन्। उनका अनुसार गत वर्ष अफगानिस्तानबाट आफ्ना सैनिक फिर्ता गरेको अमेरिकाले उनको हत्यालाई विजयको रूपमा लिनेछ । अल-कायदामा अब नयाँ नेता चुनिने सम्भावना रहे पनि उनको प्रभाव पूर्ववर्तीहरूको भन्दा कमजोर हुने ठानिएको छ।

# डाक्टर-प्रशासक एक चुनौती



पारस अधिकारी

सबैको आआफ्नो कार्यक्षेत्र रहन्छ। बिरामीलाई सही मात्रामा सही औषधि दिएर रोगको प्रवृति अनुरुप उपचारपश्चात बिरामीको रोग निको पार्ने डाक्टरको भुमिका रहन्छ। बिरामीलाई उपचार गराउन विभिन्न रिसर्च लगाएत इभिडेन्समा रहेर गरिने उपचार प्रभावकारी मानिन्छ। जुन इभिडेन्स बेस्ड प्राक्टीसले आगामी दिनहरुमा अन्य बिरामीहरुमा सेवा प्रभावकारी रहन्छ। बिरामीको सुक्ष्म अध्ययनले डाक्टरहरुलाई सफलता मिल्ने र बिरामीलाई सहज हुने संसारमा चल्दै आएको प्राक्टीस हो। प्राय डाक्टरहरु आफ्नो बिधामा अब्बल हुन्छन् र बिरामीहरु उक्त डाक्टरलाई भेट्न टाढाटाढाबाट धाउने गर्दछन जुन डाक्टरहरुको विशेषता हो। तर त्यही डाक्टरद्धारा व्यवस्थापनको भुमिका चुनोतीपूर्ण रहने गर्दछ। त्यसको उदाहण हो स्वास्थ्य बिमा बोर्ड लगाएत विभिन्न सरकारी अस्पतालका व्यवस्थापकीय भूमिकामा रहेका डाक्टरहरु।

व्यवस्थापन प्रत्यक्ष डाक्टर र नर्सको पेशा भन्दा अलगै रहने गर्दछ। यसमा अस्पताल वा स्वास्थ्य सेवा व्यवस्थापनका लागि छुट्टै विषयगत तथा प्रयोगात्मक सिकाईबाट अस्पताल तथा स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी जिम्मेवारीका विषयमा रहने गर्दछ। अस्पतालमा क्लिनिकल सेवा, नसिङ्ग सेवा, डाइग्नोष्टिक सेवा, सपोर्टीभ सेवा रहने गर्दछ। यो सम्पूर्ण सेवाहरुको एकै ठाउँबाट बिरामीलाई सेवा मिलाउने नै स्वास्थ्य सेवा हो। संचालन गर्नु र गुणस्थर कायम गर्नु चुनौतिपूर्ण मानिन्छ। संस्थाहरु जेन तेन संचालन त रहन्छन तर गुणस्तरको कुनै सुनिश्चितता नहुने हालको अवस्था छ। ठाउँ ठाउँमा स्वास्थ्य संस्थाहरु त छन् तर कस्ता छन्, कस्ता तहका कर्मचारीहरुबाट सेवा सुचारु छन् र त्यो बिरामी वा बिरामीका आफन्तहरुलाई सुनिश्चित गराउनु नै गुणस्तर हो जसको लागि अस्पताल ब्यवस्थापकको भूमिका हुन्छ । कति सुन्नमा पनि आएका छन्। कही डाक्टरको दरबन्दी छ तर डाक्टर छैनन्, कहिँ जनशक्ती कम छन् कहि सामाग्रीको अभावमा सेवा प्रभावित भएको सुनिन्छ, कति महत्वपूर्ण सामान बिग्रने, समयमा सेवा सुचारु हुँदैन, कहि २४ घण्टा नै सेवा प्रवाह मिलाउनुपर्ने जस्ता समाचारहरु प्राय सुन्नमा आउँछ। सम्पूर्ण बिषयमा ब्यवस्थापकीय कठिनाई हुनुमा पनि जिम्मेवारी नेपाल सरकारले नै लिनुपर्ने हुन्छ। सायद व्यापार साथै सेवामुखी र सुविधामुखि बिषयलाई प्रथमिकता दिन प्राइभेट अस्पतालहरु चनाखो रहन्छन्। कति सामान बिग्रने भएकोले पनि सम्बन्धीत विज्ञ बायोमेडिकल ईन्जीनियरको पनि महत्वपूर्ण भूमिका रहने गर्दछ। किनकी सेवा, सुबिधा र गुणस्तरले अहिलेको अवस्थामा बिरामीहरु अन्यत्र जानसक्ने भएकोले विशेष ध्यान जानु पनि पर्ने भएकोले सम्पूर्ण सुविधा सम्पन्न अस्पतालले तालिम प्राप्त अस्पताल प्रशासकहरु राख्ने गर्दछन्। जुन सरकारी अस्पतालहरुमा बिरामीहरु जस्तो परिस्थितीमा पनि सेवा लिनपर्ने बाध्यकारी हुन्छ। सरसफाईको कुरा गर्ने हो भने त प्राइभेट अस्पतालहरु सचेत रहन्छन्। यो सामान्य ब्यक्तिले गुणस्तरको पहिचान गर्न शौचालय र सरसफाईलाई लिने गर्दछन्।

हालसालै नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले न्युनतम सेवा मापदण्डको अवधारण ल्याएको छ। जसमा शुसासनलाई २० प्रतिशत क्लिनिकल सर्भिस मेनेज्मेन्टलाई ६० प्रतिशत र सपोर्ट सर्भिस मेनेज्मेटलाई २० प्रतिशत को मार्किङ्ग गरी एक गुणस्तरीय सेवाको सुनिश्चितता गराउन दिशानिर्देश गर्दछ। सायद उक्त मार्किङ्ग एक पटक मात्र पुऱ्याउने होडवाजीमा अस्पतालहरु भएतापनि दिगो र निरन्तरताका लागि पनि सोच बनाउन जरुरी रहन्छ। एक पटक प्राप्त गेरर मात्र गुणस्तरको सुनिश्चितता नहुने हुँदा जनताको सेवाका लागि पनि यसको निरन्तरता जरुरी रहन्छ । स्वास्थ्य बीमा सेवा हाल चर्चामा आईरहेको एक गहन विषयलाई हेर्ने हो भने डाक्टरद्धारा उक्त सेवाको नेतृत्व लिँदा एक अत्यन्त चुनौतीको सामना गनुपर्ने देखिन्छ। त्यो चुनौती यसमा डाक्टरले गने कुनै पनि क्लिनिकल काम रहँदैन। त्यो सम्पुण व्यवस्थापकिय कामहरु रहन्छ। दाबी अत्याधिक रहेको छ, सेवा बिस्तार भैरहेको छ, सम्पूर्ण जिल्लाहरुमा संचालन रहने अवस्था छ, सम्पुण दाबीहरुलाई भुक्तानी योग्य गराउनुपर्ने छ।, क्लेम कस्तो प्रकृतीको रहेका छे, दाबीलाई चेक गर्ने संयन्त्र, नियन्त्रणमा राख्न, फर्जि दाबीको कारबाही र भाबी योजना बनाउन चानेचुने कुरा होईन। यो सम्बन्धी नै सफ्टवेयर बनाएर सम्पूर्ण काम (दर्ता गर्ने, चेक,भेरिफिकेसन, मुल्यांकन) जस्ता काम उक्त सफ्टवेयरबाट सहज भएमा पनि पारदर्शी हुनसक्छ। तर सफ्टवेयरलाई सेवाग्राहीको प्रतिक्रियाका आधारमा कस्टमाईज गर्दै लानुपर्ने हुन्छ।

सामान्यतः बीमामा भुक्तानी व्यवस्थापन पनि चुनौतिमुलक नै छ। सिमित बजेटको आधारमा स्वास्थ्य बिमा कार्यक्रम नै धरापमा पर्ने हालको अवस्था सिर्जना हुनुमा पनि सरकारको कार्यदक्षतामा प्रश्न तेर्सिन्छ। खासमा यो कार्यक्रम अत्यन्त प्रभावकारी भएतापनि सुरु सुरुमा कार्यक्रम संचालन गर्दा र कार्यक्रमका दर्ता सहयोगीले बिमितलाई दिने जानकारीको एक रुपता नरहेकोले बिमितमा भ्रम पनि रहने र धेरैमा जाँचहरुको दुरुपयोग हुने सुरुवाती अवस्थामा देखिएता पनि बिमाको मुल मर्म देशव्यापी रुपमा ल्याउनुपर्ने चुनौती छ। डाक्टरहरुलाई दबाव दिएर गरीने अत्याधीक महँगा परीक्षणहरुले पनि यस सेवालाई थप चुनौतीपुर्ण रहेको देखिन्छ। उक्त परीक्षणहरुको पनि प्रोटोकल अनुरुपको नभएमा डाक्टरहरुलाई कारबाहीको दायरामा ल्याउने सम्मको कडा नियम भएमा पनि सही दिशामा चल्ने विस्वास छ । साथै ओपीडी दाबी र भर्ना दाबीको तुलना गनुपर्ने पनि देखिन्छ। कहाँ कसरी आर्थिक भार रहेको पनि पत्ता लगाउन जरुरी छ। बिमाका किसिमलाई दुई भागमा राखी फरक फरक रंगका कार्ड दिने र वडाले विपन्न भनी सिफारिस दिई प्रिमियम् दिने र ज्येष्ठ नागरिकलाई सम्पुर्ण सेवामा शुल्क नलाग्ने र बाँकीलाई सम्पूर्ण दाबीमा आंशिक शुल्क ब्यहोनुपर्ने भएमा पनि केही प्रतिसत शुल्क भार कम हुने हुन्छ तर सेवालाई सम्पूर्ण अस्पतालहरुबाट दिन मिल्ने तर सम्पूर्ण शुल्कको निर्धारण गराउनुपर्ने हुन्छ र गुणस्तरको आधारमा साधारण शुल्कलाई २० देखि ५० प्रतिशत भन्दा माथि नरहने भएमा पनि सम्पूर्ण संस्थाहरुमा सेवा लिन मिल्ने रहन्थ्यो। वा सरकारले ५०० मात्र प्रिमियम लिएर ओपिडीमा ५० प्रतिशत र भर्नामा २० प्रतिशत बिरामीले ब्यहोनुपर्ने भएमा पनि दिगो रहनसक्छ। साधारयातय बिरामीलाई आर्थिक भार पर्ने भनेकोनै भर्ना भएको अवस्थामा हुने गर्दछ। बिरामी भर्ना भइ आइसियूमा सेवा दिनुपरेमा र जटिल अप्रेशन गर्दाको अवस्थामा निःशुल्क भएमा अझ उपयोगी र प्रभावकारी रहन सक्छ। वा बिरामीले आंशिक शुल्क खल्तीबाट भुत्तानी भएमा पनि सरकारको बजेट अनुसारको बिमाबाट सेवा रहने आँकलन गर्न सकिन्छ।

सिमित श्रोतबाट धैरै प्रतिफल दिनु नै व्यवस्थापकीय जिम्मेवारी रहन्छ। नियमीत औषधि प्रयोग गर्ने बिमीतको संख्या पनि अत्याधिक छ र त्यसले गर्दा पनि थप चुनौती सिर्जना गर्दछ। सरकारले कि दीर्घरोगीहरुलाई एकिन गरि स्थानीयमा दर्ता गराएर केन्द्रमा पेश गरी केन्द्रीय सरकारले उक्त औषधिहरु नियमित दिने व्यवस्था भएमा पनि पटक पटक रिफर हुदै ३ ठाउँमा दर्ता गनुपर्ने झन्झट कम हुन्छ ।बीमा सेवामा उपलब्ध औषधिको गुणस्तर र प्रभावकारिता पनि थप एक चुनौती नै रहनेछ। औषधिमा गुणस्तरको सम्झौता नहुने गरी सम्पुर्ण नेपाली औषधि कम्पनीहरुको गुणस्तरलाई थप क्रसचेक गर्ने संयन्त्रले पनि औषधिको गुणस्तर कायम रहेको वा नरहेको सुनिश्चित गराउन सक्छ। औषधिको मुल्यसँग गुणस्तरको चुनौतीलाई पनि व्यवस्थापन गनुपर्ने देखिन्छ ।बीमाको क्षेत्र फराकिलो पार्ने की साँघुरो पारेर व्यवस्थीत पार्ने पनि बीमा बोर्डलाई चुनौती रहन्छ। प्रतिष्ठान, प्राइभेट अस्पताल, मेडिकल कलेज लगाएतका संस्था र सरकारी संस्थालाई दिईने सेवा शुल्क पनि परिमार्जन गनुपर्ने र रिफर नीतिलाई पनि थप बिश्लेषण गरी प्रभावकारी बनाउनुपर्ने हुन्छ। एक बिरामीले दुई ठाउँमा दर्ता गर्दा प्रत्येक बिरामीको सरकारले ओपीडी शुल्क दुई ठाउँको नै व्यहोनुपर्ने भएकोले पनि यस प्रवधानका चुनौतीहरु समाधान गर्न सरकारले विषेश कार्यक्रम संचालन गर्न जरुरी छ। तब मात्र स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी हुनसक्छ ।

**(लेखक अधिकारी चितवन मेडिकल कलेजका अप्रेसन्स म्यानेजर हुन्।) सौजन्य :स्वास्थ्य खबर**

# पहिरोपीडित परिवारलाई राहतको व्यवस्था गर्न सांसदहरूको माग



काठमाण्डु । प्रतिनिधिसभाको मंगलबारको वैठकमा सांसदहरूले देशका विभिन्न क्षेत्रमा भएको पहिरापीडित परिवारलाई राहतको व्यवस्था गर्नुपर्ने माग गरेका छन् । शून्य समयमा सांसद भूपेन्द्रबहादुर थापाले दुई दिनको अविरल वर्षाका कारण म्याग्दी जिल्लाका विभिन्न स्थानमा पहिरामा परी बेपत्ता भएका परिवारको खोजी गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले पहिरोपीडितलाई तत्काल राहत र पुनःस्थापना गर्नुपर्ने मागसमेत गर्नुभयो । म्याग्दी जिल्लामा दलित समुदायको बस्ती अत्यन्त जोखिममा रहेको बताउँदै उहाँले ती बस्तीलाई अन्यत्र स्थानान्तर गर्नसमेत माग गर्नुभयो ।

सांसद रामबहादुर विष्टले अछाम जिल्लाका विभिन्न स्थानमा अविरल वर्षाका कारण पहिरो आउँदा मानवीय र भौतिक क्षति भएको बताउँदै पहिरापीडित परिवारलाई तत्काल राहतको व्यवस्था गर्नुपर्ने माग गर्नुभयो । महेन्द्रकुमारी लिम्बूले प्रदेश १ को खोटाङ जिल्लालाई केन्द्रविन्दु बनाएर यही साउन १५ गते गएको भूकम्पका कारण भौतिक क्षति भएको बताउँदै उचित राहत र क्षतिपूर्तिको माग गर्नुभयो । सांसद महेश बस्नेतले मुलुकमा महँगी, भ्रष्टाचार, हत्या, हिंसाका घटना बढ्दै गएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद मीनबहादुर विश्वकर्माले बिजुलीबजारस्थित नेपाल चक्रवर्ती हवी कलेजमा शुल्क वृद्धिको विरोधमा गरिएको धर्नाका क्रममा नेपाल विद्यार्थी सङ्घका नेताहरूमाथि प्रहरीले आक्रमण गरी घाइते बनाएको भन्दै आपत्ति जनाउनुभयो । सांसदद्वय रङ्गमती शाही र मीना सुब्बाले सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीबीच विभेद गर्न नहुने भन्दै शिक्षामा सबै विद्यार्थीको समान पहुँचको माग गर्नुभयो । सांसद मोहन बाँनियाले कर्णाली करिडोरलाई द्रूत गतिमा अगाडि बढाउन आग्रह गर्नुभयो । सांसद मोहनप्रसाद पाण्डेले पाल्पाका विभिन्न स्थानमा सडक निर्माण कार्यलाई जतिसक्दो चाँडो अगाडि बढाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद यशोधा गुरुङ सुवेदीले नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा माओवादी र सरकारबीच भएको तीनबुँदे सहमति कार्यान्वयनका निम्ति सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद रामवीर मानन्धरले संसद्मा शून्य समयमा सांसदहरूले बोलेका विषय कार्यान्वयन हुनुपर्छ भन्नुभयो । सांसद रेणुका गुरुङले आफूमाथि असुरक्षा बढ्दै गएको भन्दै सरकारसँग सुरक्षाको माग गर्नुभयो । रासस

# भूकम्प प्रभावितको पुनःस्थापनाका लागि ध्यानाकर्षण



काठमाण्डु । प्रतिनिधिसभाको मंगलबारको बैठकमा नेकपा (एमाले) का प्रमुख सचेतक एवम् सांसद विशाल भट्टराईले खोटाङ केन्द्रविन्दु भएर गएको भूकम्पको क्षतिको अविलम्ब विवरण सङ्कलन गरी पीडितलाई राहत उपलब्ध गराउन सरकारसमक्ष माग गर्नुभएको छ ।

बैठकको विशेष समयमा बोल्दै उहाँले भूकम्पबाट भएको क्षतिको तत्काल विवरण सङ्कलन गरेर विस्थापितहरूलाई स्थापित गर्न माग आग्रह गर्नुभयो ।

विपद् व्यवस्थापन प्राधिकरण सक्रिय नभएको र सरकारी तवरबाट पनि क्षति सङ्कलन सुस्त भएको भन्दै सांसद भट्टराईले क्षतिको विवरण लिएर पीडितलाई राहत दिन आग्रह गर्नुभयो । उहाँले भूकम्पले खोटाङ जिल्ला र आसपासका क्षेत्रका जनतालाई त्रसित तुल्याएको बताउनुभयो । घटनामा प्रहरी चौकी, विद्यालय, सहकारी भवन आदिमा आंशिक क्षति पुगेको तथा जिल्लाका ४७५ वटा घर चर्किएको र केही घर पूर्ण रूपमा क्षति भएको विवरण रहेको भन्दै पुनःस्थापनाको कामलाई अविलम्ब अघि बढाउन आग्रह गर्नुभयो ।

यही साउन १५ गते खोटाङको साकेला गाउँपालिका-५ स्थित मार्तिमबिर्ता केन्द्रविन्दु भएर ६ रेक्टर स्केलको भूकम गएको थियो ।

सांसद भट्टराईले हालै सरकारले नेकपाको विप्लव समूहलाई कारबाहीको पत्राचार गरेको समाचार आएको भन्दै उक्त पत्र फिर्ता लिएर त्यस्ता समूहको शान्तिपूर्ण बाटो रोज्ने प्रस्तावलाई प्रोत्साहन गर्न अनुरोध गर्नुभयो ।

तत्कालीन सरकारसँग तीनबुँदे सहमति गरेर शान्ति प्रक्रियामा ल्याइएको विप्लव र सिके राउत समूहलाई शान्तिपूर्ण बाटोमा प्रोत्साहन गरिनुपर्नेमा जोड दिनुभयो । रासस

# विपद् प्रभावितको उद्धार र राहतमा जुट्न गृहमन्त्रीको निर्देशन

काठमाण्डु । गृहमन्त्री बालकृष्ण खाणले मुलुकका विभिन्न स्थानमा गएको बाढीपहिरोले पुऱ्याएको क्षतिबारे जानकारी लिई राहत, उद्धार र व्यवस्थापनमा जुट्न निर्देशन दिनुभएको छ ।



गृहमन्त्री खाणले म्याग्दीको मालिका गाउँपालिका-२ रुममा गएको पहिरो, चितवनको भरतपुर महानगरपालिका-२९ केराबारीमा गएको पहिरोले पुऱ्याएको सडक अवरोध र चितवनकै इच्छाकामना गाउँपालिकामा गएको पहिरोबाट भएको क्षति, उद्धार र राहत तथा सडक खुलाउन भइरहेको प्रयासबारे जानकारी लिनुभएको हो ।

उहाँले नेपाल प्रहरीका गण्डकी प्रदेश प्रमुख प्रहरी नायब महानिरीक्षक रामदत्त जोशी, म्याग्दीका प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी राना, चितवनका प्रमुख जिल्ला अधिकारी आशमान तामाङ, म्याग्दीका प्रहरी प्रमुख तिलक भारतीलगायतलाई टेलिफोन गरेर घटनाबारे जानकारी लिई आवश्यक व्यवस्थापनका लागि निर्देशन दिनुभएको हो ।

उहाँले विपद् व्यवस्थापनमा समस्या परेमा मन्त्रालयमा खबर गर्नसमेत निर्देशन दिनुभएको छ । गएराति म्याग्दीको मालिका गाउँपालिका-२ मा माथिबाट झरेको पहिरोले घर पुर्दा सात जना बेपत्ता भएकामा दुई जनाको उद्धार गरिएको, दुई जनाको शव फेला परेको जनाइएको छ । अन्य व्यक्ति बेपत्ता छन् । म्याग्दीका प्रमुख जिल्ला अधिकारी रानाले घाइतेको उद्धार र बेपत्ता भएकाको खोजी जारी रहेको बताउनुभयो । यता नारायणगढ मुग्लिङ सडकखण्डअन्तर्गत भरतपुर महानगर-२९ केराबारीमा पहिरो खस्दा सडक अवरुद्ध भएको छ । लेदो बगिरहेकाले तत्काल अवरुद्ध सडक खुल्ने सम्भावना नरहेको चितवनका प्रजिअ तामाङले बताउनुभयो ।

मुग्लिङ-नारायणगढ सडकखण्डकै २० किलो र २१ किलो भन्ने स्थानमा पनि पहिरो गएको उहाँले बताउनुभयो । रासस

# प्रधानमन्त्रीद्वारा खातुनको निधनप्रति दुःख व्यक्त

काठमाण्डु । नेपाली कांग्रेसका केन्द्रीय सदस्य अब्दुल सत्तारलाई मातृशोक परेको छ । दमसम्बन्धी समस्याबाट पीडित नेता सत्तारकी ९४ वर्षीया आमा हज्जिन सफिना खातुनको नारायणी सामुदायिक अस्पताल चितवनमा सोमबार उपचारका क्रममा निधन भएको हो ।

कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले मंगलबार शोक विज्ञप्ति जारी गर्दै खातुनको निधनप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ ।

सभापति देउवाले स्व खातुनप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै आत्माको चीरशान्तिको कामना साथै शोकसन्तप्त परिवारजनप्रति पार्टी र आफ्ना तर्फबाट गहिरो समवेदना प्रकट गर्नुभएको छ ।

स्व खातुन नेपालको लोकतान्त्रिक आन्दोलनमा सक्रिय भूमिका खेल्नुभएको कांग्रेसले जनाएको छ । खातुनको निधनबाट कांग्रेसले एक अग्रज व्यक्ति गुमाएको बताएको छ । रासस

# जनतालाई चुस्त सेवा दिन प्रधानमन्त्री देउवाद्वारा मन्त्री र सचिवलाई निर्देशन

काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवाले जनतालाई दिने सेवालाई सर्वोपरी ठानी मन्त्रालय, विभाग र कार्यालयका टेबलटेबलमा हुने शासन अन्त्य गर्न निर्देशन दिनुभएको छ ।



मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा मन्त्री र सचिवहरूको बैठकमा उहाँले जनताले सरकारबाट पाउने सुविधा सहज र चुस्त रुपमा उपलब्ध गराउन निर्देशन दिनुभएको हो । 'तपाईंहरूले सरकारी कार्यालयका टेबल टेबलका शासन आजैदेखि बन्द गराउनुहोस्', प्रधानमन्त्री देउवाले निर्देशन दिँदै भन्नुभयो, 'जनताको सेवक ठानेर चुस्त र प्रभावकारी रूपमा काम गर्नुहोस् ।'

उहाँले कानुन बमोजिम सुविधा पाउने बाहेकका कर्मचारी वा अन्य पदाधिकारीलाई सवारीसाधन सुविधा र इन्धन नदिन पनि निर्देशन दिनुभएको छ । इन्धनको मूल्य वृद्धिसँगै यसले मुलुकको विदेशी मुद्रामा असर गरिरहेका बेला उहाँले कानुनले तोके बाहेकका सरकारी कर्मचारीलाई सवारी साधानको सुविधा पाए नपाएको लगत हेरेर कटौती गर्न निर्देशन दिनुभयो ।

प्रधानमन्त्री देउवाले छ महिनाभित्र तरकारी तथा फलफूल र एक वर्षभित्र खाद्यन्नमा आत्मनिर्भर हुने गरी सम्पूर्ण तयारी गर्न पनि मन्त्री र सचिवहरूलाई निर्देशन दिनुभएको छ । विद्युत् खपत बढाउने, निर्यातलाई प्रवर्द्धन गर्नेलगायत काम सबै मन्त्रालयले योजना बनाएर अघि बढ्नुपर्नेमा प्रधानमन्त्रीको जोड छ ।

उहाँले भन्नुभयो, 'मेरो नेतृत्वमा पाँच राजनीतिक दलको सहभागितामा वर्तमान सरकार गठन भएको एक वर्षको अवधि पूरा भएको छ । यस अवधिमा सरकारले मुलुकलाई राजनीतिक स्थायित्व प्रदान गर्दै स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गराएको छ । स्थानीय तहले नयाँ नेतृत्व पाएसँगै विकास र सेवा प्रवाहमा नयाँ उत्साहका साथ परिचालित भएका छन् ।'

**प्रतिनिधि र प्रदेशसभाको निर्वाचन तयारी थाल्न निर्देशन**

अबका केही महिनाभित्रमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न गर्नुपर्ने उल्लेख गर्दै प्रधानमन्त्री देउवाले निर्वाचनका पूर्वतयारीका काम समयमै सम्पन्न गर्नुपर्ने, निष्पक्ष, विश्वासिलो र भरपर्दो वातावरण बनाइ निर्वाचन सम्पन्न गर्ने कामलाई उच्च प्राथमिकतामा राखीअघि बढ्न सम्बन्धित सबैसँग अनुरोध गर्नुभयो ।

आर्थिक समुन्नति, सामाजिक रूपान्तरण र सुशासनका लागि सम्पूर्ण शक्ति र सामर्थ्यका साथ काम गर्नुपर्ने र विकासलाई बाधा पुऱ्याउने विषय समयमै पहिचान गरी नीतिगत तथा संस्थागत सुधारका कार्यअघि बढाउनुपर्ने बताउँदै उहाँले आफैँले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल हुने गरी कार्य सम्पादन गर्न अझ बढी सजग हुन आवश्यक छ भन्नुभयो । गत वर्षको प्रगति सुन्दा र प्रगतिका तथ्यहरू हेर्दा हाम्रो कार्यशैली र कार्यसम्पादनमा तत्काल सुधार गरी अघि बढ्न जरुरी देखिएको बताउँदै उहाँले कार्यान्वयन क्षमता अभिवृद्धि गरी विकासका नतिजा हासिल गर्ने र जनताले महसुस गर्ने गरी सेवा प्रवाहमा सुधार गर्न मन्त्री र सचिवलाई निर्देशन दिनुभयो ।

विगत अढाइ वर्षदेखि विश्वभरि फैलिएको कोभिड-१९ महामारीको सङ्क्रमणको जोखिम पुनः बढ्न थालेको र नयाँनयाँ स्वरूपमा देखा परिरहेको यस रोगको सङ्क्रमणले हाम्रा आर्थिक एवं सामाजिक क्रियाकलापमा गम्भीर प्रभाव पारिरहेको उहाँले उल्लेख गर्नुभयो । प्रधानमन्त्री देउवाले भन्नुभयो, 'यसै क्रममा हाम्रो अर्थतन्त्रले भोग्नुपरेको बाह्य क्षेत्रको दबाबले गर्दा अर्थतन्त्रका सबै पक्षमा थप चुनौतीहरू देखा पर्न थालेका छन् । तर आत्तिइहाल्नुपर्ने अवस्थामा भने हामी छैनौँ । नीतिको कार्यान्वयन तथा नियमन पक्षलाई बलियो बनाउँदै चालु खर्च वृद्धिलाई नियन्त्रण गर्नुपर्नेछ । मूल्य वृद्धिलाई दुई अङ्कको दरमा पुग्न नदिन र उत्पादनशील क्षेत्रमा लगानीयोग्य पुँजीको अभाव हुन नदिने गरी काम गर्नुपर्नेछ ।'

आगामी केही वर्षमा तीव्र आर्थिक वृद्धि हासिल गर्न कार्य निकै चुनौतीपूर्ण देखिने उल्लेख गर्दै उहाँले अहिलेको प्रमुख चुनौती भनेको आर्थिक स्थायित्व कायम गर्दै अर्थतन्त्रका प्रमुख सूचकहरूमा क्रमशः सुधार गर्ने गरी विवेकशील आर्थिक नीति अवलम्बन गर्नु रहेको बताउनुभयो । सरकारले लिने आर्थिक नीतिहरू निजी क्षेत्रलाई प्रोत्साहित गर्दै समष्टिगत आर्थिक स्थायित्व कायम गर्नेतर्फ निर्देशित हुनुपर्नेमा जोड दिँदै उहाँले अर्थतन्त्रको पुनरुत्थान र विकासका लागि एकीकृत राष्ट्रिय रणनीति र कार्ययोजना बनाइ कार्यान्वयनमा ल्याउन जरुरी भएकाले अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई यस विषयमा तत्काल गृहकार्य अघि बढाउन निर्देशन गर्नुभयो ।

आगामी सन् २०२६ सम्म अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति हुन सहयोग पुग्ने तथा समय सीमाभित्रै दीगो विकासका लक्ष्यहरू हासिल हुने गरी विकास निर्माणका कार्यक्रम कार्यान्वयको गति बढाउन उहाँले सबैलाई आग्रह गर्नुभयो । संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रममा समेटिएका नीति र कार्यक्रम कार्यान्वयनको समीक्षा गरी काम सुरु नभएका कार्यक्रमको हकमा तुरुन्त कार्ययोजना बनाइ प्राथमिकता साथ कार्यान्वयनमा लैजान आवश्यक रहेको उहाँको भनाइ थियो । राष्ट्रिय गौरव लगायतका महत्वपूर्ण अधुरा आयोजना समयमै सम्पन्न गर्न विशेष जोड दिन उहाँले निर्देशन दिनुभयो ।

'उच्च व्यापार घाटाको एउटा प्रमुख कारण पेट्रोलियमजन्य पदार्थको अत्यधिक उपभोग हो । तत्काल यसलाई ठूलो परिमाणमा घटाउन नसकिने भए पनि हालका दिनमा स्वदेशभित्र बढ्दो परिमाणमा उत्पादन हुन थालेको विद्युत्को उपभोग बढाइ पेट्रोलियम पदार्थको आयात क्रमशः न्यूनीकरण गर्दै जान सकिने सम्भावना छ । अतः विद्युत् खपतलाई बढाउनको लागि ठोस कार्ययोजना बनाइ कार्यान्वयनमा ल्याउन सम्बन्धित निकायहरूलाई निर्देशन दिन चाहन्छु', प्रधानमन्त्री देउवाले भन्नुभयो ।

शान्ति, सुरक्षाको स्थितिलाई थप सुदृढ बनाइ मुलुकमा सुशासन र लगानीमैत्री वातावरण निर्माण गरी विकासको गतिलाई तीव्रता दिन आवश्यक रहेकामा जोड दिँदै उहाँले सबै प्रकारका हिंसा र अपराधलाई कडाइका साथ नियन्त्रण गरी कानूनी राज्यको अवधारणालाई व्यवहारमा उतार्न सबै कटिबद्ध हुन जरूरी छ भन्नुभयो ।

किसानलाई मल र बीउ तथा विद्यालयका छात्रछात्राहरूलाई पाठ्यपुस्तक समयमै उपलब्ध गराउन र राज्यले निःशुल्क रूपमा उपलब्ध गराउने भनी घोषणा गरिएका औषधि गुणस्तरीय रूपमा समयमै र सहज तरिकाले वितरण गर्ने प्रबन्ध मिलाउन उहाँले सम्बन्धित सबै निकायको ध्यानाकर्षण गराउनुभयो । शिक्षा र स्वास्थ्य सेवाको गुणस्तरलाई वृद्धि गर्न जरुरी उहाँको भनाइ थियो । मुलुकको आर्थिक विकासका लागि रूपान्तरणकारी आयोजना उच्च प्राथमिकतासाथ अघि बढाउन आवश्यक रहेको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले भन्नुभयो, 'ठूला परियोजनाको निर्माण गर्दा वातावरणमा सकेसम्म कम क्षति पुग्ने र दिगो विकासको लक्ष्यमा सम्झौता नहुने गरी व्यवस्था मिलाउन म सबैलाई अनुरोध गर्दछु । हाम्रो मुलुक विभिन्न प्रकारका विपद्हरूको उच्च जोखिममा रहेकोले विपद् उत्थानशील पूर्वाधार निर्माणमा जोड दिन आवश्यक छ । हालको याममा बाढी र पहिरोको उच्च जोखिम रहेको हुँदा विपद् पूर्वतयारी र प्रतिकार्यका कार्यहरूलाई प्राथमिकतामा राख्न म सम्बन्धित सबै निकायलाई निर्देशन दिन चाहन्छु ।' जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न सघाउ पुग्ने तथा हरित एवं नवीकरणीय ऊर्जाको खपतलाई प्रवर्द्धन गर्ने गरी विकास आयोजनाअघि बढाउन उहाँको निर्देशन थियो ।

**स्रोत सुनिश्चितता नभएका आयोजनाअघि नबढाउन निर्देशन**

राष्ट्रिय योजना आयोगले विकास आयोजनाको कार्यान्वयनमा अन्तर निकाय समन्वय सुदृढ र प्रभावकारी बनाइ समयमै आयोजना सम्पन्न गर्न थप तदारुकता देखाउन आवश्यक रहेको बताउँदै प्रधानमन्त्री देउवाले कुनै पनि आयोजना कार्यान्वयनमा ल्याउनुपूर्व राम्रो पूर्वतयारी गर्न सबै मन्त्रालयलाई निर्देशन दिनुभयो । उहाँले स्रोत सुनिश्चितता नभएका कुनै पनि आयोजना/कार्यक्रमलाई अघि नबढाउन निर्देशन दिनुभयो ।

सङ्घीयता कार्यान्वयनको अनुभवबाट सिकिएका पाठलाई आधार बनाइ तीन तहबीचको समन्वय, पारस्परिक सहयोग र अन्तर्निर्भरतालाई थप सुदृढ तुल्याउन जरुरी रहेको बताउँदै उहाँले प्रदेश र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धि गरी संविधानको कार्यान्वयन, विकास निर्माण सञ्चालन एवं सेवा प्रवाहमा सुधार ल्याउन सम्बन्धित मन्त्रालयले आवश्यक नीति, मापदण्ड र कार्यविधि तर्जुमा गरी अघि बढ्न आवश्यक छ भन्नुभयो ।

प्रधानमन्त्री देउवाले जनशक्तिको अभावबाट प्रभावित विकास आयोजना एवं कार्यक्रमको एकमुष्ट सम्बोधन हुने गरी आवश्यक जनशक्ति व्यवस्थापनका लागि ठोस प्रस्तावअघि बढाउन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिनुभयो । उहाँले जग्गा प्राप्ति, वनक्षेत्रको उपयोग, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको यथाशीघ्र स्वीकृति, विकास आयोजनाको सुरक्षा, पर्याप्त स्रोतको व्यवस्था, निर्माण सामग्रीको सहज उपलब्धता र क्षमतायुक्त जनशक्तिको व्यवस्था समयमै नहुँदा विकास आयोजनाको कार्यान्वयन प्रभावित हुने गरेको भन्ने गुनासोको तत्काल उचित सम्बोधन गर्न निर्देशन दिनुभयो ।

कमजोर अन्तर-निकाय समन्वय, निर्णय प्रक्रियामा जोखिम लिन नचाहने प्रवृत्ति र कानुनी झन्झट देखाउने बानीमा सुधार गर्न आवश्यक रहेको बताउँदै उहाँले निर्णय प्रक्रियालाई छिटोछरितो र पारदर्शी बनाउन कानुनमा जुन तहबाट निर्णय हुनुपर्ने भनी उल्लेख भएको छ सोही तहबाट निर्णय गर्न निर्देशन दिनुभयो ।

निजी क्षेत्रको लगानी र उद्यमशीलता हतोत्साहित नहुने गरी राज्यको अनुगमन र नियमन क्षमतामा सुधार गर्नुपर्ने खाँचो औंल्याउँदै प्रधानमन्त्री देउवाले नियमन गर्दा कसैलाई मरमोलाहिजा नगरी सबैलाई निष्पक्ष तरिकाले, समान र कानुन अनुकूलको व्यवहार प्रदर्शित गर्न अनुरोध गर्नुभयो । भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीतिलाई राज्यको सबै तह र संरचनामा कडाइका साथ कार्यान्वयन गर्न उहाँले निर्देशन दिनुभयो ।

विकास आयोजना र सेवा प्रवाहमा आउने समस्याको तत्काल समाधानका लागि प्रभावकारी व्यवस्था मिलाउन उहाँले आफ्नो कार्यालयका राज्यमन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र नेपाल सरकारका मुख्यसचिवलाई निर्देशन दिनुभयो ।

प्रशासन सुधारलाई शासकीय सुधारकै एउटा अभिन्न र निरन्तर प्रयासको रूपमा अघि बढाउन जरुरी रहेको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले यस क्रममा निजामती सेवा ऐन यथाशीघ्र जारी गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

साथै उहाँले जनतालाई प्रत्यक्ष रूपमा सेवा प्रवाह गर्ने निकाय तथा विकास आयोजनामा जनशक्तिको अभाव हुन नदिन जनशक्ति व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिनुभयो । रासस

# न्याय क्षेत्रलाई समावेशी बनाउन माग

काठमाण्डु । प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसद अनिलकुमार झाले न्याय क्षेत्रलाई समावेशी बनाउनुपर्ने माग गर्नुभएको छ । विशेष समयमा बोल्दै सांसद झाले भन्नुभयो, "अहिले न्यायपालिकाका न्यायाधीश नियुक्तिको कुरा भइरहेको छ, विद्यमान ऐन/कानुनले न्यायाधीशको नियुक्ति समावेशी आधारमा हुनुपर्छ भनेको छ, तर तीन वर्षदेखि जिल्ला न्यायाधीशमा ८० न्यायाधीश नियक्त हुँदा एकजना पनि मधेसी समुदायको नियक्त भएका छैनन् ।"

विशेष सयममा बोल्दै सांसद सञ्जयकुमार गौतमले जङ्गलको नजिकै रहेका मानव बस्तीहरू वन्यजन्तुको आक्रमणको उच्च जोखिममा रहेको बताउँदै वन्यजन्तु र मानवबीचको सहअस्तित्व कायम गर्न वन्यजन्तुलाई वनमै र मानिसलाई घरमै राख्ने रणनीति बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "मध्यवर्ती क्षेत्रमा रहेका जनताको सुरक्षाका लागि तारबार, बीमा, पशुचौपाया, घरगोठ बीमा निःशुल्क व्यवस्था गर्न माग गर्दछु । बाघको सङ्ख्या पनि कति बनाउने हो त्यो स्पष्ट हुनुपऱ्यो ।"

सांसद सुरेशकुमार राईले उदयपुर जिल्लामा बलात्कारका घटना बढ्दै गएको भन्दै त्यसको अन्त्यका लागि पहल गर्न माग गर्नुभयो । शिक्षा क्षेत्रको समग्र सुधारका निम्ति नयाँ शिक्षा ऐनमार्फत दीर्घकालीन समाधान खोज्नुपर्ने उहाँको भनाइ थियो । सांसद सुरेन्द्रकुमार यादवले चिकित्सा क्षेत्रमा भएका विकृतिप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद प्रेम सुवालले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घट्यो तर नेपालमा किन घटेको छैन भन्दै सरकारलाई प्रश्न गर्नुभयो । सांसद यज्ञराज सुनुवारले पछिल्लो समयमा त्रिभुवन विश्वविद्यालय अस्तव्यस्त बन्दै गएको बताउँदै त्रिवि सुधारका निम्ति आग्रह गर्नुभयो । सांसद डा अमरेशकुमार सिंहले देशको आर्थिक अवस्था कमजोर हुँदै गएको भन्दै चिन्ता व्यक्त गर्नुभयो । रासस

# शपथसम्बन्धी विधेयकमा विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत

काठमाण्डु । प्रतिनिधिसभाको मंगलबारको बैठले राष्ट्रिय सभाबाट सन्देशसहित प्राप्त "शपथसम्बन्धी विधेयक, २०७९मा विचार गरियोस्" भन्ने प्रस्ताव स्वीकृत गरेको छ ।

बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीलेन्द्रप्रसाद बडूले प्रस्तुत गर्नुभएको उक्त प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको हो ।

विधेयकको सैद्धान्तिक पक्षमा भएको छलफलमा सांसद डा भीमबहादुर रावल, दिब्यमणि राजभण्डारी, प्रेम सुवाल, छक्कबहादुर लामा, गजेन्द्र महत, खेमप्रसाद लोहनीले आ-आफ्ना धारणा व्यक्त गर्नुभएको थियो । छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उद्योगमन्त्री बडूले सार्वजनिक पद धारणा गरेका व्यक्तिको शपथमा कानुनी शून्यता हुन नदिन शपथसम्बन्धी छुट्टै कानुन आवश्यक भएकाले विधेयक ल्याइएको बताउनुभयो ।

छलफलमा सांसदहरूले विधेयक चाँडो पारित गर्न र विधेयकलाई समृद्ध बनाउन दिएका सुझावप्रति उहाँले आभार प्रकट गर्नुभयो ।

उद्योगमन्त्री बडूले शपथको भाषा र व्यहोरा आदिबारे विधेयकले स्पष्ट व्यवस्था गरेकाले यसलाई छिटो पारित गर्ने प्रक्रियामा सहयोग गर्न अनुरोध गर्नुभयो । रासस

# सभामुख पेलोसी मलेसियामा, ताइवान भ्रमणलाई लिएर एशिया-प्रशान्त क्षेत्रमा तनाव

**एपी**

क्वालालम्पुर । अमेरिकी सदनकी सभामुख न्यान्सी पेलोसी एसियाली देशको भ्रमणको दोस्रो चरणकाक्रममा यहाँ आइपुग्नुभएको छ। उहाँको अपेक्षित ताइवान भ्रमणले मलेसियाको भ्रमण ओझेलमा परेको छ भने अमेरिका-बेइजिङ तनाव बढाएको छ । सभामुख पेलोसी र उहाँको प्रतिनिधिमण्डल सवार विमान कडा सुरक्षाबीच वायुसेनाको आधार शिविरमा अवतरण गरेसँगै उहाँलाई संसद्‌मा तल्लो सदनका सभामुख अजहर अजिजान हारुनले स्वागत गर्नुभयो । साथै सभामुखद्वयबीच भेटवार्ता पनि भयो । सभामुख पेलोसीले प्रधानमन्त्री इस्माइल साबरी याकोबसँगको दिवाभोजसहितको बैठक भो स्थगन गर्नुभएको छ।



सभामुख पेलोसीको ताइवान भ्रमणको औपचारिक घोषणा भएको छैन तर ताइवानका स्थानीय सञ्चारमाध्यमले उहाँ आज राति ताइपेई पुग्ने समाचार सार्वजनिक गरेका छन् । सभामुख पेलोसी ताइपेइ पुगेमा २५ वर्षभन्दा बढी समयपछि त्यहाँको भ्रमण गर्ने उहाँ उच्च श्रेणीको निर्वाचित अमेरिकी अधिकारी हुनुहुनेछ।

अज्ञात स्रोतलाई उद्धृत गर्दै ताइवानका तीन ठूला राष्ट्रिय समाचारपत्र युनाइटेड डेली न्यूज, लिबर्टी टाइम्स र चाइना टाइम्सले उहाँ मलेसियाको भ्रमणपछि ताइपेई पुग्ने र रात त्यही बिताउने कार्यक्रम रहेको खबर प्रकाशन गरेका छन् । चीनले विद्रोही प्रान्तको रूपमा लिएको ताइवानलाई आवश्यक परेमा बल प्रयोग गरेर कब्जामा लिन सकिने बताउँदै आएको छ । बेइजिङले सभामुख पेलोसी ताइवान भ्रमणमा निस्किएमा आफ्नो सेना 'चुप लागेर नबस्ने' चेतावनी दिएको छ । चीनको बदलाको धम्कीले ताइवानमा नयाँ सङ्कट निम्त्याउने छ जसले जसले विश्वव्यापी बजार र आपूर्ति शृ‌ङ्खला ध्वस्त पार्न सक्नेछ।

अमेरिकी राष्ट्रपतिको कार्यालयले बेइजिङको उक्त प्रतिक्रियाको निन्दा गर्दै चीनसँगको तनावलाई चर्काउने अमेरिकाको कुनै चाहना नभएको र द्वन्द्वमा संलग्न हुन नचाहेको स्पष्ट गरेको छ । राष्ट्रपतिको कार्यालयले राष्ट्रिय सुरक्षा परिषद्‌का प्रवक्ता जोन किर्बीले स्वशासित टापु ताइवानको भ्रमण गर्ने वा नगर्ने निर्णय स्वयम् सभामुख पेलोसीको भएको बताउनुभएको छ। उहाँले अमेरिकी सांसदले वर्षौंदेखि नियमितरूपमा ताइवान भ्रमण गर्नुभएको स्मरण पनि गराउनुभएको छ । सभामुख पेलोसीको भ्रमणलाई बहानाको रूपमा प्रयोग गरेर बेइजिङले ताइवान वा ताइवान टापु वरपर क्षेप्यास्त्र प्रहार गर्ने वा टापुको आकाशमा उड्ने र ठूलो मात्रामा नौसेना सञ्चालन तथा अभ्यासलगायत सैन्य कारबाहीसहित उत्तेजक प्रतिकारात्मक कदम चाल्नसक्ने चिन्ताले अमेरिकी प्रशासनका अधिकारीहरू चिन्तित भएका बताउनुभएको छ।

लामो समयदेखि अभ्यासमा रहेको तथा अमेरिकी नीतिअनुरूप सभामुखको सम्भावित भ्रमणलाई बहाना बनाएर बेइजिङले कुनै प्रकारको सङ्कट खडा गर्ने वा ताइवान वा त्यसको वरपर आक्रामक सैन्य गतिविधि नबढाउने रूपमा विश्वास उहाँले व्यक्त गर्नुभएको छ । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले पनि सभामुख पेलोसीको भ्रमण अगाडि बढेको अवस्थामा चीनलाई जिम्मेवार ढङ्गले काम गर्न आग्रह गर्नुभएको छ। यदि उहाँले भ्रमण गर्ने निर्णय गरेमा चीनले कुनै प्रकारको सङ्कट सृजना गर्ने वा अन्यथा तनाव बढाउने प्रयास गरेमा त्यो पूर्ण रूपमा बेइजिङको जिम्मेवारी हुने बताउनुभएको छ । उहाँले न्यूयोर्कमा संयुक्त राष्ट्रसङ्घको प्रधानकार्यालयमा पत्रकारहरूलाई सम्बोधन गर्दै सभामुख पेलोसीलले ताइवान भ्रमण गर्ने निर्णय गरेमा जिम्मेवार भएर प्रस्तुत हुन र द्वद्व चर्काउने गतिविधि नबढाउन बेइजिङलाई अनुरोध गर्नुभयो।

अमेरिकी अधिकारीहरूले भने सभामुख पेलोसीले ताइवानको भ्रमण गरेमा अमेरिकी सेनाले एशिया-प्रशान्त क्षेत्रमा आफ्नो सेनाको गतिविधि बढाउने बताएका छन् । सैनिक कारबाही तथा सञ्चालनबारे जानकारी दिँदै एकजना अमेरिकी अधिकारीले नौसेनाको विमान वाहक युएसएस रोनाल्ड रेगन र त्यसबाट प्रहार गर्ने दस्ता सोमबार फिलिपिन्स सागरमा तैनाथ गरिएका बताएका छन् । रडार प्रणाली, लडाकु जेट, हेलिकप्टर र अन्य अत्याधुनिक हातहतियारसहितका रेगन, क्रूजर यूएसएस एन्टिएटम र यूएसएस हिगिन्स सिङ्गापुरको बन्दरगाहबाट आफ्नो स्थायी शिविर जापानतर्फ लागेका उनले बताए

सन् १९४९ मा कम्युनिस्टहरूले मुख्य भूमिमा गृहयुद्ध जितेर ताइवान र चीन छुट्टिएका हुन्। बेइजिङलाई चीनको सरकारको रूपमा मान्यता दिए पनि अमेरिकाले ताइवानसँग अनौपचारिक रक्षासहित अन्य सम्बन्ध कायम राखेको छ। बेइजिङले ताइवानसँगको अमेरिकीसम्पर्कलाई द्वीपको दशकौं पुरानो स्वतन्त्रतालाई स्थायी बनाउन प्रोत्साहन गरेको मानेको छ भने अमेरिकी नेताहरूले त्यसलाई समर्थन नगरेको बताएका छन् । सभामुख पेलोसीले सोमबार सिङ्गापुरबाट एसियाली राष्ट्रको भ्रमण सुरु गर्नु भएपनि उहाँको सम्भावित ताइवान भ्रमणले यस क्षेत्रमा सनसनी मच्चाएको छ। सिङ्गापुरका प्रधानमन्त्री ली सिएन लुङले पेलोसीसँगको वार्तामा क्षेत्रीय शान्ति र सुरक्षाका लागि स्थिर अमेरिका-चीन सम्बन्धमा जोड दिनुभएको थियो । जापानका विदेशमन्त्री योशिमासा हयाशीले पनि सिङ्गापुरका प्रधानमन्त्रीको अभिव्यक्तिको समर्थन गर्दै दुई प्रतिद्वन्द्वी शक्तिबीचको स्थिर सम्बन्ध अन्तर्राष्ट्रिय समुदायका लागि अति महत्वपूर्ण हुने बताउनुभएको छ।

फिलिपिन्सले अमेरिका र चीनलाई यस क्षेत्रमा 'जिम्मेवार नायक' हुन आग्रह गरेको छ । विदेश मन्त्रालयका प्रवक्ता टेरेसिटा डाजाले थप तनावबाट जोगिन अमेरिका र चीनले निरन्तर सञ्चार सम्पर्क सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभएको छ।

चीनले ताइवानमाथि लगातार कूटनीतिक र सैन्य दबाब बढाउँदै आएको छ । बेइजिङमा कम्युनिस्ट शासन एकमात्र वैधानिक सरकार भएकोले टापु र मुख्य भूमि मिलेर एउटै चिनियाँ राष्ट्र बन्ने दाबीलाई राष्ट्रपति साइ इङ्ग-वेनले समर्थन गर्न अस्वीकार गरेपछि चीनले सन् २०१६ मा ताइवानको सरकारसँगका सबै सम्पर्क विच्छेद गरेको हो।

आगामी बिहीबार सभामुख पेलोसीले दक्षिण कोरियाली राष्ट्रियसभाका सभामुख किम जिन प्योसँग एशिया-प्रशान्त क्षेत्रको सुरक्षा, आर्थिक सहयोग र जलवायु सङ्कटबारे सोलमा वार्ता गर्ने सभामुख किमको कार्यालयले जनाएको छ। सभामुख पेलोसी जापान भ्रमणमा पनि जानुहुनेछ यद्यपि उहाँ कहिले त्यहाँ पुग्नुहुन्छ भन्ने स्पष्ट खुलाइएको छैन।

# विश्व कप क्यारेम खेल प्रतियोगिताका लागि राष्ट्रिय खेलाडीहरु छनोट

काठमाण्डु । नेपालमा पहिलोपटक क्यारेम खेललाई राष्ट्रिय स्तरमा आधिकारिकता प्रदान गरिएको छ। अल नेपाल क्यारेम एसोसिएशनले राष्ट्रिय खेलाडीहरू छनोट गर्ने क्रममा आयोजना गरेको प्रतियोगितामा अशोक तामाङ प्रथम, सिषेश ढकाल द्वितीय, करण मगर तृतीय र कबिन सुनुवारलाई सान्त्वना पुस्कस्कार प्रदान गरिएको थियो। पुरस्कृत खेलाडीहरूलाई क्रमशः रु ५० हजार, रु २५ हजार, रु १५ हजार र रु १० हजार नगद रकम पनि प्रदान गरिएको थियो।

प्रतियोगितामा भाग लिएका राष्ट्रिय स्तरका ८० प्रतिस्पर्धीमध्ये शेराज अंसारी र क्रान्ति रावललाई पनि सम्मानित गरिएको एसोसिएशनले जनाएको छ । आगामी अक्टोबरमा मलेसियामा हुन गइरहेको विश्व कप क्यारेम खेल प्रतियोगितामा नेपालको प्रतिनिधित्व हुने गरी राष्ट्रिय स्तरका छदेखि नौजनासम्म खेलाडीलाई पठाउने तयारी थालिएको एसोसिएशनका सल्लाहकार निलेश अधिकारीले जानकारी दिनुभयो।

सो अवसरमा युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराजले यस्ता प्रतियोगिताहरूले राष्ट्रिय पहिचानलाई अन्तर र्राष्ट्रियजगत्‌मा विस्तार गर्न सहयोग पुग्ने बताउँदै पर्यटन प्रवर्द्धनमा खेल पर्यटनको महत्वपूर्ण योगदान रहने उल्लेख गर्नुभयो।

कार्यक्रममा विश्व कप क्यारेम एसोसिएशनका महासचिव विवेक देशनारायण, बङ्गाल स्टेट सिलगुडी भारतका राष्ट्रिय खेलाडी दुर्जेय धोश, डिस्टिक क्यारेम एसोसिएशन पश्चिम बङ्गालका सचिव सञ्जीव धोस लगायतले विश्व कपमा नेपालले उत्कृष्ट नतिजा ल्याउने विश्वास व्यक्त गर्नुभयो। अल नेपाल क्यारेम एसोसिएशनकी अध्यक्ष विनिता अर्यालले विश्व कपमा सहभागी हुने नेपाली खेलाडीलाई बधाई तथा शुभकामना दिनुभयो। रासस

# इराकी प्रधानमन्त्रीद्वारा वार्ताको आह्वान

**सिन्ह्वा**

बागदाद । इराकी प्रधानमन्त्री मुस्ताफा अल कादिमीले वार्ताका लागि आन्दोलनरत पक्षलाई आह्वान गर्नुभएको छ।



हाल इराकमा देखिएको राजनीतिक गतिरोधको अन्त्यका लागि सबै पक्षलाई वार्तामा बोलाउँदै उहाँले राष्ट्रियरुपमा सबै पक्ष वार्तामा बसेर नै अहिलेको राजनीतिक सङ्कटको समाधान गर्न सकिने बताउनुभएको हो।

उहाँको कार्यालयले सोमबार प्रकाशन गरेको एक विज्ञप्तिमा सो कुरा उल्लेख गरिएको छ। उक्त विज्ञप्तिमा आन्दोलनमा रहेका सबै पक्षलाई राष्ट्रिय वार्तामा आउन आग्रह गरिएको छ र वार्ताकै माध्यमबाट सबै समस्याको हल गर्न सकिन्न भनिएको छ।

मोहमद सिया अल सुडानीलाई प्रधानमन्त्री नियुक्त गरिएको विरोधमा त्यहाँको एक मुस्मिल समुदायले आल्दोलन गरिरहेको छ । सो समुदायले कहिले संसद् भवनभित्रै छिरेर प्रदर्शन गर्ने त कहिले सडकमा हिंसात्मक प्रदर्शन गर्ने गरेको छ। सो समूहले शनिबारदेखि संसदमा नै अनसन सुरु गरेको छ। जुलाई २५ मा उहाँलाई प्रधानमन्त्री नियुक्त गरेपछि त्यसको विरोधमा यो आन्दोलन सुरु गरिएको हो।

# श्रीलङ्काका सरकारी कार्यालयहरु पुनः शुक्रबार पनि खुला हुने

**सिन्ह्वा**

कोलम्बो । श्रीलङ्काका सरकारी कार्यालयहरू अब शुक्रबार पनि खुला हुने भएका छन्।

शुक्रबार पनि बिदा दिने यसअघिको निर्णय मन्त्रिपरिषद्‌ले मङ्गलबार रद्द गरेको सरकारी अधिकारीहरूले जानकारी दिएका छन् । श्रीलङ्कामा इन्धनको अभावका कारण सरकारी कार्यालयको समयावधि छोट्याएको थियो।

अहिले भने सार्वजनिक यातायात सेवा सामान्य अवस्थामा फर्किएकाले शुक्रबारको बिदा कायमै राख्नु औचित्यपूर्ण नहुने निष्कर्ष सहित शुक्रबार पनि कार्यालय सञ्चालन गर्ने निर्णय गरिएको हो।

त्यसैगरी व्यावसायिक प्रतिष्ठान तथा बजार पनि बेलुका चाडै बन्द गर्नु पर्ने व्यवस्था गरिएको थियो । मन्त्रिपरिषद्‌का प्रवक्ता बन्दुला गुनावार्डेनाले आगामी शुक्रबारदेखि नै यो निर्णय कार्यान्वयन हुने जानकारी दिनुभयो।

श्रीलङ्कामा आर्थिक सङ्कट उत्पन्न भएपछि इन्धन खरिद गर्न नसकेर देशभरी इन्धन अभाव भएको थियो । इन्धन र आर्थिक सङ्कटका कारण राजनीतिक सङ्कट पनि उत्पन्न भएको छ।

# बेपत्ता भएको पाकिस्तानी सेनाको हेलिकोप्टर भेटियो, ६ जनाको मृत्यु

**एएनआई**

इस्लामावाद । बेपत्ता भएको पाकिस्तानी सेनाको हेलिकोप्टर भेटिएको छ।

देशको बालुचिस्तान प्रान्तमा सोमबार रातीदेखि हराइरहेको हेलिकोप्टर भेटिएको सरकारी सैन्य अधिकारीहरूले मङ्गलबार जानकारी दिएका हुन्।

हेलिकोप्टरमा रहेका ६ जनाको मृत्युको छ । ती मध्ये लेफ्टिनेन्ट जेनरल सर्फाज अलिको पनि मृत्यु भएको सेनाले पुष्टि गरेको छ।

म ा ै स म क ा `

खराबीका कारण दुर्घटना भएको प्रारम्भिक अनुसन्धानले देखाएको छ। घटनाप्रति प्रधानमन्त्री शेहबाज शरिफले गहिरो दुःख व्यक्त गर्नु भएको छ । उहाँले मृतकका आफन्तजनप्रति सहानुभूति पनि व्यक्त गर्नु भएको छ।

# भारतमा कोरोना सङ्क्रमण घट्दै

**सिन्ह्वा**

नयाँदिल्ली । बितेका २४ घण्टामा देशका विभिन्न भागमा कोरोना सङ्क्रमतिको सङ्ख्या



१३ हजार सात सय ३४ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलबार जनाएको छ । देशमा हाल कोरोना सङ्क्रमितको सङ्ख्या चार करोड ४० लाख ५० हजार नौ पुगेको छ।

हिजो सोमबार प्रकाशित तथ्याङ्कअनुसार एक दिनमा १६ हजार ४६४ जना सङ्क्रमित भएका थिए । देशभर एक लाख ३९ हजार सात सय ९२ सक्रिय सङ्क्रमित छन्।

यसैगरी १७ हजार आठ सय ९७ सङ्क्रमणमुक्त भएका छन् । योसँगै कोरोना सङ्क्रमणमुक्त भएकाको सङ्ख्या चार करोड ३३ लाख ८३ हजार सात सय ८७ पुगेको छ।

कोरोना सङ्क्रमणबाट ३४ जनाको मृत्यु भएको छ। योसँगै कोरोनाबाट पाँच लाख २६ हजार चार सय ३० जनाको मृत्यु भएको छ । महामारी सुरु भएयता ८७ करोड ७५ लाखभन्दा बढीको परीक्षण गरिएको छ। सन् २०२१ को जनवरी १६ देखि देशभर कोभिड-१९ विरुद्ध खोप अभियान जारी छ । अभियानअन्तर्गत हालसम्म दुई अर्ब चार करोड ६० लाख ८१ हजार ८१ मात्रा खोप लगाइएको छ।

# कोरियामा एकैदिन एकलाख एघार हजारभन्दा बढी सङ्क्रमित



**सिन्ह्वा**

सोल, । दक्षिण कोरियामा २४ घण्टाको समयावधि अर्थात् सोमबार मध्यरातसम्म एक लाख ११ हजार सात सय ८९ जनामा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ।

यसैसँगै यहाँका कूल सङ्क्रमितको सङ्ख्या एक करोड ९९ लाख ३२ हजार चार सय ३९ पुगेको स्वास्थ्य अधिकारीले शुक्रबार बताएका छन्।

अघिल्लो दिनको तुलना कोभिड सङ्क्रमण धेरै बढेको पाइएको छ । अघिल्लो दिन ४४ हजार छ सय ८९ जना एक दिनका सङ्क्रमित रहेका कोरिया रोग नियन्त्रण र रोकथाम एजेन्सी जानकारी दिएको थियो।

नयाँ केसहरूमध्ये, पाँच सय ६८ जना आयातीत रहेको जनाइएको छ। यद्यपि ४५ हजार तीन सय ५ जना कोरोनामुक्त भएका छन्।

गम्भीर अवस्थामा रहेका सङ्क्रमितको सङ्ख्या २८२ पुगेको छ । यस अवधिमा थप १६ जनाको मृत्यु भएपछि कोरोना शुरुभएबाट हालसम्म कूल मृतक सङ्ख्या २५ हजार ८४ पुगेको छ । कूल मृत्युदर ०.१३ प्रतिशत रहेको छ।

# मङ्कीपक्सविरुद्ध खोप लगाउँदै थाइल्याण्ड

**सिन्ह्वा**

ब्याङकक। सरकारले मङ्कीपक्सविरुद्ध खोप लगाउने भएको छ। उच्च जोखिममा रहेका समूहलाई खोप लगाउने योजना रहेको थाई स्वास्थ्य मन्त्रालयले जनाएको छ। उक्त मन्त्रालयका अनुसार एक हजार मात्रा खोपको पहिलो खेप यही महिना र दोस्रो खेप दुईसातापछि थाइल्याण्ड आइपुग्ने अपेक्षा गरिएको छ। खोपको पहिलो खेप पाँचसय जनाका लागि उपलब्ध हुने तर कुन समूहलाई प्राथमिकतामा राख्ने भन्ने निर्णय भइसकेको छैन। देशमा हालसम्म मङ्कीपक्स दुईजा बिरामी फेला परेका छन्। फुकेट टापुमा परीक्षण गर्दा पहिलोपटक एकजना नाइजेरियाली नागरिक र यहाँ एक थाई नागरिकलाई दोस्रो बिरामीका रूपमा पहिचान गरिएको हो। स्वास्थ्य अधिकारीले रोग पुष्टि भएकाको 'कन्ट्याक्ट ट्रेसिङ' गरिएको र सङ्क्रमण नफैलिएको जनाउँदै उनीहरूले अहिलेसम्म दक्षिणपूर्वी एसियाली देशमा आधिकारिकरूपमा मङ्कीपक्स सङ्क्रमण नभेटिएको बताएका छन्।



## भारतमा छैटौं व्यक्तिमा मङ्कीपक्स

यसैबीच, भारतमा मङ्कीपक्सका छैटौं बिरामी राष्ट्रिय राजधानीमा फेला परेका छन् । दिल्लीको स्वास्थ्य विभागका अधिकारीका अनुसार विदेश यात्रा नगरेका नाइजेरियाली नागरिक उक्त रोगबाट सङ्क्रमिता भएका बताइएको छ। करिब एक वर्षदेखि दिल्लीमा बस्दै आएका बिरामीलाई सरकारी अस्पतालमा भर्ना गरिएको छ। यसअघि चारजना बिरामी दक्षिणी राज्य केरला र एकजना नयाँदिल्लीमा फेला परेका थिए। भारतमा उक्त रोग लागेर एकजनाको मृत्यु भइसकेको छ।

## न्यूजिल्याण्डमा तेस्रो बिरामी


न्यूजिल्याण्डमा पनि मङ्कीपक्सका एकजना बिरामी थपिएका छन् । यो सँगै त्यहाँ मङ्कीपक्सका बिरामीको सङ्ख्या तीन पुगेको छ । जनस्वास्थ्य अधिकारीले पछिल्लो बिरामीबाट रोग सर्ने जोखिम कम रहेको बताएका छन्।

# माल्दिभ्सका राष्ट्रपति र भारतका प्रधानमन्त्रीबीच भेटवार्ता

**एएनआई**

नयाँ दिल्ली। भारत भ्रमणमा रहनु भएका माल्दिभ्सका राष्ट्रपति इब्राहिम मोहम्मद सोलिहले भारतीय उच्च अधिकारीहरूसँग भेटवार्ता गर्नु भएको छ।

उहाँले मङ्गलबार प्रधानमन्त्री नरेन्द्र मोदीसँग हैदरावाद हाउसमा भेटवार्ता गर्नु भएको अधिकारीहरूले जानकारी दिएका छन्। प्रधानमन्त्री मोदीको निमन्त्रणामा माल्दिभ्सका राष्ट्रपति सोलिहको चार दिने भ्रमण सुरु भएको हो।



मुख्यगरी धेरै क्षेत्रमा सहकार्य गर्नेगरी बनाइएको दीर्घकालीन योजनाहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्न सोलिहले भारत भ्रमण तय गर्नु भएको जनाइएको छ । सोलिह नेतृत्वको उच्चस्तरीय भ्रमण टोलीमा माल्दिभ्सका व्यावसायिक प्रतिनिधिहरूको समेत सहभागिता रहेको छ । त्यसैले भ्रमणका क्रममा व्यावसायिक विषय पनि उच्च प्राथमिकतामा परेका छन्।

'छिमेकी मुलुक माल्दिभ्सका राष्ट्रपतिको भारत भ्रमण हुनु आफैमा सकारात्मक कुरा हो, यसलाई सदुपयोग गर्न आवश्यक छ, दुई पक्षीय हितका लागि आपसी सम्बन्ध बलियो बनाउदैछ लैजानु छ,' भारतको विदेश मामिला मन्त्रालयले सामाजिक सञ्जाल ट्विटरमा लेखेको छ । भ्रमणका क्रममा राष्ट्रपति सोलिहले भारतका राष्ट्रपति द्रौपदी मुर्मु, विदेश मन्त्री एस जयशंकरलगायतसँग पनि भेटवार्ता गर्ने कार्यक्रम रहेको छ।

उहाँले भ्रमणका क्रममा भारतका व्यवसायीहरूसँग लगानी र व्यवसायीका सहकार्यका बारेमा छलफल गर्नुहुने भएको छ। भारत भ्रमणको सिलसिलामा उहाँ मुम्बई पनि जानेगरी भ्रमण तालिका तय भएको अधिकारीहरूले जनाएका छन् । 'छिमेकीलाई पहिलो प्राथमिकता' भन्ने भारतको विदेश नीति अनुसार भारतले माल्दिभ्ससँगको सहकार्य बढाउदै लगेको विदेश मन्त्रालयले जनाएको छ।

# अज्ञात समूहको आक्रमणमा सात जना मारिए

**सिन्ह्वा**

लागोस । मध्यनाइजेरियाको पठार राज्यमा आइतबार राति भएको सशस्त्र आक्रमणमा परी कम्तीमा सात जनाको मृत्यु हुनुका साथै अन्य दुई जना घाइते भएका राज्य प्रहरीले जनाएको छ । अज्ञात बन्दुकधारीले राज्यको जोस दक्षिण स्थानीय सरकारको डान्डा चुग्वी गाउँमा हमला गरेका पठारमा प्रहरी प्रवक्ता अल्फ्रेड अलाबोले सोमबार एक विज्ञप्तिमार्फत जानकारी दिएका छन्।

घाइते दुई जनाको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भइरहेको अलाबोले बताएका छन् । ती बन्दुकधारीलाई पक्राउ गर्ने प्रयासका साथ अनुसन्धान भइरहेको उनले बताएका छन्।

सबैभन्दा बढी जनसंख्या भएको अफ्रिकी देशमा हालैका महिनामा श्रृंखलाबद्धरुपमा आक्रमण भइरेहको पाइन्छ । यसै कारण नागरिक र सुरक्षाकर्मीका मृत्यु भएको छ।



महोत्तरीको सदरमुकाम जलेश्वरस्थित जिल्ला अस्पतालमा विगत दुई वर्ष पहिले कोरोना नियन्त्रणका लागि रु दुई करोड ५५ लाख ५२ हजारको लागतमा खरिद गरेको पाँच थान भेन्टिलेटर, बेडसेट, मोनिटर, ईको र आइसीयु सेटलगायतका उपकरण। *तस्बिरः रासस*

## अर्थमन्त्रीको आह्वान

# युवालाई कृषि क्षेत्रको उत्पादनमुखी काममा लगाउँ

काठमाण्डु । अर्थमन्त्री जनार्दन शर्माले आयातमा भर परेको अर्थतन्त्रलाई आन्तरिक उत्पादनमा आधारित अर्थतन्त्रमा बदल्ने लक्ष्य बोकेर बजेट ल्याइएको र त्यसले किसानको भूमिकालाई माथि उठाउने बताउनुभएको छ।

अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी)द्वारा मंगलबार राजधानीमा आयोजित ३०औँ किसान शहीद दिवस तथा ६९औँ भीमदत्त पन्त स्मृति दिवस समारोहलाई सम्बोधन गर्दै अर्थमन्त्री शर्माले कृषिमा आधारित उद्योगमार्फत देशमा कृषि उत्पादनमा आत्मनिर्भरता बढाउने र औद्योगिक उत्पादनमार्फत आयात प्रतिस्थापन गर्ने नीति सरकारको रहेको जानकारी दिनुभयो। त्यसका लागि किसानको भूमिका ठूलो हुने उहाँको भनाइ छ । "म किसान नेतालाई आह्वान गर्न चाहन्छु, तपाईँहरूको अगुवाइमा अबको उत्पादन अभियान अघि बढोस्, काठमाडौँमा आयात हुने तरकारी वरिपरिका जिल्लाले पूर्ति गर्ने गरी अभियान चलाउनुहोस्", अर्थमन्त्री शर्माले भन्नुभयो, "बुढा किसान खेतबारीको डिलमा उभिनुहोस्, युवा किसानलाई उत्पादनमुखी काममा लगाउनुहोस् ।"




उहाँले श्रम, स्रोत र प्रविधिको परिचालनबाट मात्रै मुलुकलाई समृद्धि पार्न सकिने बताउनुभयो । लघुवित्तले अब सहुलियतपूर्ण ऋण दिने कुरा संसद्ले पारित गरेको जानकारी गराउँदै अर्थमन्त्री शर्माले किसानको घर-खेतमा गएर सहुलियत ऋण लगानी गर्ने कुरा पनि अघि बढाइएको र किसान पेन्सनको कुरा अघि बढाइएको सुनाउनुभयो । उहाँले आजको राष्ट्रियता भनेको सबल अर्थतन्त्र हो भन्नुभयो।

अर्थमन्त्री शर्माले उत्पादन वृद्धिमा लाग्न आह्वान गर्दै आत्मनिर्भर अर्थतन्त्रमा लाग्यो भने मात्रै भीमदत्त पन्तको सपना पूरा हुने बताउनुभयो । तर आयात गरेर खाइरहनुपर्ने विडम्बनापूर्ण अवस्था रहेको उहाँले बताउनुभयो। "हामी अहिले पनि तरकारी आयात गरेर खाइरहेका छौँ, जबकि यतिबेला मुलुकले निर्यात गर्नुपर्ने थियो", अर्थमन्त्री शर्माले थप्नुभयो।

उहाँले आत्मनिर्भर र उत्पादन वृद्धिका लागि भूमिहीनलाई जमिन उपलब्ध गराई उत्पादनमा जोड्नुपर्ने, पूँजी नहुनेलाई पूँजी दिएर उत्पादनमा लगाउनुपर्ने, औजार नभएकालाई औजार दिएर र श्रमिकलाई तामिल दिई श्रममा जोड्नुपर्ने आवश्यकता औँल्याउनुभयो । यसका लागि नेपालमा सबै उपलब्धता रहेको र त्यसलाई सही व्यवस्थापन र प्रयोगमा उहाँको जोड थियो।

उहाँले भीमदत्तले सुरु गरेको भूमिसुधारको अवधारणा अझै पूरा नभएकाले सबै मिलेर पूरा गर्नुपर्ने बताउनुभयो । परिवर्तनशीललाई पश्चगामी तत्वले रोक्न सक्नेतर्फ सचेत हुन पनि उहाँले आग्रह गर्नुभयो। रासस

# बारा-पर्सा उद्योग सङ्घ गठन

काठमाण्डु । आर्थिक वृद्धि एवम् लगानीको विषयलाई केन्द्रित गरी मधेस प्रदेशमा औद्योगिक सम्मेलन आयोजना गरिएको छ। मधेस प्रदेश सरकार, नेपाल उद्योग परिसङ्घ र यूकेएड सीप परियोजनाको संयुक्त आयोजनामा औद्योगिक सम्मेलन आयोजना गरिएको हो । सम्मेलनमार्फत नेपाल उद्योग परिसङ्घले बारा-पर्सा उद्योग सङ्घ गठन गरेको छ। सङ्घको अध्यक्षमा वीरेन्द्र सङ्घाइ रहनुभएको परिसङ्घले जनाएको छ। परिसङ्घले सङ्गठन विस्तार गर्ने क्रममा बारा-पर्सा उद्योग सङ्घ गठन गरेको हो।

बाराको सिमरामा आयोजित औद्योगिक सम्मेलनको उद्घाटन गर्दै मुख्यमन्त्री लालबाबु राउतले उद्योगमैत्री वातावरण नै प्रदेशको समृद्धिको मूल आधार भएको बताउनुभयो। उद्योगमैत्री वातावरण बिना प्रदेश वा देशको समृद्धिको परिकल्पना गर्न नसकिने उहाँले बताउनुभयो । उद्योगको स्थापनादेखि




सञ्चालनसम्म उत्पन्न विभिन्न समस्यालाई समाधान गर्न प्रदेश सरकार एकद्वार प्रणालीमार्फत अघि बढेको भन्दै उहाँले वीरगन्जमा उद्योग विभाग स्थापनाको निर्णय सरकारले गरेको जानकारी गराउनुभयो।

'सबैभन्दा बढी मानव जनशक्ति विदेश जाने प्रदेशको रूपमा मधेस प्रदेश रहेको छ। यहाँका युवाहरुलाई उचित तालिमको व्यवस्था गरी स्वदेशमै रोजगारी उपलब्ध गराउन प्रदेश सरकारको योजनामा सहकार्य गर्न आग्रह गर्दछु', उहाँले भन्नुभयो। सम्मेलनमा नेपाल उद्योग परिसङ्घका निवर्तमान अध्यक्ष सतिशकुमार मोरले मधेस प्रदेशका उद्योगीले अन्य प्रदेशमा बिजुली उत्पादन गरेर मधेस प्रदेशमा ल्याउन सक्ने बताउनुभयो। त्यसका लागि पावर ह्लीडलगायतको व्यवस्था आवश्यक पर्ने उहाँले बताउनुभयो। उहाँले अन्य प्रदेशका विद्युत् उत्पादकसँग मधेस प्रदेशका उद्योगले सोझै विद्युत् खरिद गर्न पाउने गरी व्यवस्था मिलाउन उहाँले आग्रह गर्नुभयो।

परिसङ्घका उपाध्यक्ष राजेश अग्रवालले समृद्धिका लागि निजी क्षेत्रसँग निरन्तर वार्ता, छलफल आवश्यक पर्ने बताउनुभयो। लगानीकर्तालाई लगानी ल्याउने, विस्तार गर्ने वातावरणमा सहजिकरण आवश्यक पर्ने भन्दै उहाँलेनिजीक्षेत्रलाईनयाँकानुनरनियमावलीको बारेमा जानकारी गराउनुपर्ने बताउनुभयो। सो अवसरमा नेपालका लागि बेलायती राजदूत निकोला पोलिटले मधेस प्रदेशमा ठूलो आर्थिक सम्भावना रहेको बताउनुभयो। यो सम्मेलन सार्वजनिक निजी संवाद र सहयोगको लागि महत्वपूर्ण 'प्लेटफर्म' भएको उहाँको भनाइ थियो । 'आर्थिक विकासका लागि निजी क्षेत्रले सरकारसँग मिलेर काम गरिरहनु पनि उत्तिकै जरुरी छ। नेपाल उद्योग परिसङ्घले आर्थिक वृद्धिका लागि प्रान्तीय सरकारसँग मिलेर गरिरहेको काम प्रभावशाली छ', उहाँले भन्नुभयो। रासस

# दोलखाबाट ८० हजार किलोभन्दा बढी जडीबुटी निकासी

चरीकोट। गत आर्थिक वर्ष २०७८/०७९ मा दोलखा जिल्लाबाट ८० हजार किलोभन्दा बढी विभिन्न प्रजातिका जडीबुटी निकासी भएको छ। गत आवमा जिल्लाको सामुदायिक वन र निजी वन क्षेत्रबाट ८० हजार सात सय ४४ किलो विभिन्न प्रजातिका जडीबुटी निकासी भएको डिभिजन वन कार्यालय दोलखाका वन अधिकृत थिरबहादुर कार्कीले बताउनुभयो।

हिमाली जिल्ला दोलखामा मजितो, चिराइतो, लोक्ता, धसिङ्गरेजस्ता विभिन्न प्रजातिका जडीबुटी सङ्कलन गरी निकासी गर्ने गर्दछ। वन कार्यालय प्रमुख कार्कीका अनुसार एक वर्षको अवधिमा सामुदायिक वनबाट ११ हजार दुई सय ३७ किलो र निजी वनबाट ६९ हजार पाँच सय सात किलो जडीबुटी सङ्कलन गरी जिल्ला बाहिर निकासी गरिएको हो। डिभिजन वन कार्यालयको तथ्याङ्कअनुसार एक वर्षको अवधिमा सामुदायिक वनबाट मझिठो दुई हजार एक सय ५३ किलो, अर्गेली चार हजार चार सय ९५ किलो, लोक्ता तीन हजार दुई सय ४२ किलो र चिराइतो एक हजार तीन सय ४७ किलो निकासी भएको छ।

त्यस्तै निजी वनबाट चुत्रो ४० हजार पाँच सय ७४ किलो, मझिठो पाँच हजार नौ सय ११ किलो, अर्गेली नौ हजार नौ सय ८५ किलो, लोक्ता दुई हजार किलो, धसिङ्गरे नौ हजार तीन सय ७५ किलो, चिराइतो छ सय १३ किलो र उनिउ एक हजार ४९ किलो निकासी भएको कार्यालयको तथ्याङ्क रहेको छ । जिल्लामा सङ्कलित यी विभिन्न प्रजातिका जडीबुटी औषधिका लागि नेपालका विभिन्न ठाउँमा निकासी हुने गरेको डिभिजन वन कार्यालय दोलखाले जनाएको छ। रासस

# बालाजु-त्रिशूली सडकको ठेक्का तोडियो

काठमाण्डु । काठमाण्डु उपत्यकाको फोहर ढुवानी गर्ने मुख्य सडकका रूपमा रहेको बालाजु-त्रिशूली सडक निर्माण सुरु भएको आठ वर्षमा निर्माण अलपत्र बनेको छ। पटक-पटक अवधि थप्दासमेत सम्पन्न नभएपछि अहिले सडक विभागले ठेक्का तोडेको छ। सडक अवस्था खराब हुँदा एम्बुलेन्सलगायत अरु अत्यावश्यक सेवा प्रवाहमासमेत कठीनाइ भइरहेको स्थानीयवासी र जनप्रतिनिधिले गुनासो गर्दै आएका छन् । दुई ठेक्कामा निर्माण अघि बढाइएकोमा एउटा ठेक्कामा ठेक्का तोडइसकिएको र अर्कोमा ठेक्का तोड्दा निर्माण व्यवसायी अदालती प्रक्रियामा गएकाले निर्माण अवरुद्ध बनेको हो।

बालाजु-रानीपौवा सडक खण्ड निर्माणको जिम्मेवारी सन् २०१४ जुन ५ मा सैलुङ (नेपाली कम्पनी) र एआईपीएल (भारतीय कम्पनी) लाई दिइएकोमा गत असार ५ गते तोडिएको थियो। कूल १७ दशमलव एक किलोमिटर लम्बाइको सो सडक निर्माणका लागि सात पटकसम्म अवधि थप गरिएको थियो । पछिल्लो पटक चैतमा अवधि सकिएको सडक विभागका महानिर्देशक अर्जुनजङ्ग थापाले बताउनुभयो। सो ठेक्कामा भौतिक प्रगति ५४ प्रतिशत र वित्तीय प्रगति ४९ दशमलव ३२ प्रतिशत रहेको थियो।

सडकको अवधि थप गरिरहँदा त्यो अवधिभित्रै सम्पन्न गर्न पटक-पटक निर्माण कम्पनीलाई सचेत गरिएको विभागका महानिर्देशक थापाले बताउनुभयो। उहाँका अनुसार सडकको नियमित मर्मत सम्भारमा ध्यान नदिएकाले वर्षाको समयमा यातायात सञ्चालनमा कठीनाइ भएर स्थानीयवासीले सास्ती भोगेका थिए। आठ वर्ष वितिसक्दा निर्माणस्थलमा कुनै पनि सामग्री नरहेको, कामदार नभएको र निर्माणको गतिविधि ठप्प रहेको पाइएको थियो। उहाँले भन्नुभयो, "यसअघि निर्माण भइसकेका संरचना र अरु काम पनि स्वीकार गर्न नसकिने अवस्थामा पाइएको थियो।"

निर्माणका क्रममा समस्या देखिएपछि परामर्शदाताले पटक-पटक लिखित रूपमा पत्राचार गरेर त्रुटि सच्याउन भनिएको भए पनि बेवास्ता भएको महानिर्देशक थापाले बताउनुभयो। दातृ निकाय, योजना कार्यालयसँगको बैठकमा पटक-पटक अवधिभित्रै सकाउछु भने पनि निर्माण व्यवस्थापनमा कति पनि चासो नदेखाएको उहाँले बताउनुभयो । सो ठेक्का तोडेसँगै योजना कार्यालयले सार्वजनिक खरिद ऐन, २०६४ र सम्झौताका आधारमा निर्माण कम्पनीलाई कालो सूचीमा राख्नका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गरिएको छ। निर्माण कम्पनीको नाममा रहेको रु एक करोड ५५ लाख २४ हजार जमानत जफत गरी सडक विभागको खातामा जम्मा गरिएको छ । जिल्ला अदालत पाटनबाट गत असार ८ मा जारी भएको ठेक्का अन्त्य निर्णयसम्बन्धीको अन्तिम आदेश जारी भएको छ।

***सार्वजनिक खरिद ऐन, २०६४ को व्यवस्था र सम्झौताअनुसार नै विभागले विसं २०७७ मा ठेक्का अन्त्य गरेको थियो। निर्माण कम्पनी तत्काल कानुनी प्रक्रियामा जाँदा पाटन उच्च अदालतले असार १६ गते निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने र कार्य सम्पादन जमानत जफत गर्नेजस्ता कारबाही अघि नबढाउनु भनी अन्तरिम आदेश दिएको थियो।***

चौतिस दशमलव ०९ किमी लम्बाइको रानीपवौवा-त्रिशूली सडकमा ठेक्का तोडिसक्दासम्म सो ठेक्कामा भौतिक प्रगति ४६ प्रतिशत र वित्तीय प्रगति ४१ दशमलव १३ प्रतिशत रहेको थियो। सो सडकको निर्माणको जिम्मेवारी भारतीय कम्पनी डिआरएआइपीएल, नागार्जुन, कोसी एण्ड न्यौपाने जेभीलाई दिइएको थियो।

सन् २०१५ मा तीन वर्षमा सम्पन्न गर्ने गरी ठेक्का भएको भए पनि पटक-पटक थप हुँदासमेत आधा काम पनि सकिएको थिएन । अवधि सकिँदासम्म भौतिक प्रगति ४६ प्रतिशत र वित्तीय प्रगति ४१ दशमलव १३ प्रतिशत रहेको थियो। निर्माण व्यवसायीले सुरुदेखि नै लक्ष्यअनुसारको काम गर्न नसकेर परामर्शदाता कम्पनीबाट समय समयमा लिखित तथा मौखिक रूपमा सचेत गराएको विभागका महानिर्देशक थापाले बताउनुभयो।

सुरुका दिनमा नेपाली कम्पनीले मुख्य व्यवस्थापनको काम भइरहेकामा सन् २०१८ सेप्टेम्बरबाट भारतीय कम्पनीबाट भएको थियो। दुबैले व्यवस्थापन गर्दा निर्माणमा प्रगति नभएको उहाँले बताउनुभयो । सार्वजनिक खरिद नियमावली, २०६४ को नवौँ संशोधनअनुसार एक वर्ष अवधि थपेर सन् २०२० को डिसेम्बरसम्म अवधि रहेको थियो। बन्दाबन्दीको समयमा पास उपलब्ध गराइएको भए पनि काम नगरेको उहाँले बताउनुभयो । सार्वजनिक खरिद ऐन, २०६४ को व्यवस्था र सम्झौताअनुसार नै विभागले विसं २०७७ मा ठेक्का अन्त्य गरेको थियो । निर्माण कम्पनी तत्काल कानुनी प्रक्रियामा जाँदा पाटन उच्च अदालतले असार १६ गते निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने र कार्य सम्पादन जमानत जफत गर्नेजस्ता कारबाही अघि नबढाउनु भनी अन्तरिम आदेश दिएको थियो।

विसं २०७८ चैत १६ गते अदालतको निर्णय अनुसार व्यवसायीको फिराद पत्र खारेज भएको थियो भने सार्वजिक खरिद अनुगमन कार्यालयले कम्पनीलाई कालोसूचीमा राखेको थियो । सो सडक स्तरोन्नतिका लागि अहिले पहिले ठेक्का गरिएको समयभन्दा १२१ प्रतिशत बढी रकम लाग्ने देखिएको विभागका महानिर्देशक थापाले बताउनुभयो। मूल्याङ्कनअनुसार निर्माण कम्पनीबाट असूल गर्नुपर्ने रकम रु ७४ करोड ७७ लाख २० हजार २११ रहेकोमा कृषि विकास बैंकबाट रु दुई करोड २२ लाख जफत गरिएको छ। यात्रुलाई आवतजावतमा कठीनाइ भएकाले सामान्यमर्मत गरिएको विभागले जनाएको छ।

बालाजु-रानीपौवा सडकको अदालतको निर्णय नआउँदासम्म केही गर्न नसकिने र रानीपौवा-त्रिशूली सडक ठेक्का तोडिएकाले नयाँ ठेक्काबाट जानुपर्ने सडक सुधार तथा विकास आयोजना निर्देशनालयले जनाएको छ । रानीपौवा-त्रिशूली सडक यही आवमा काम हुने निर्देशनालयका प्रमुख रोहितकुमार बिसुरालले बताउनुभयो । काठमाडौँबाट नुवाकोट जानका लागि टोखा-छहरे र गल्छी-त्रिशूली सडक विकल्प भए पनि यो सडक बनिनसकेकाले रानीपौवा जान समस्या भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले सकेसम्म मर्मत गरेर सडक हिँड्न हुने बनाइरहेका छौँ।" रासस

# किसानलाइ छिटो मल उपलब्ध गराउन सांसदको माग

काठमाण्डु। प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसदहरूले किसानलाई जतिसक्दो चाँडो मल उपलब्ध गराउन नेपाल सरकारको ध्यानाकर्षण गराउनुभएको छ। बैठकमा विशेष समयमा बोल्दै नेपाली कांग्रेसका डा डिला सङ्ग्रौलाले भन्नुभयो, "अहिलेसम्म पनि किसानले मल पाउन सकेका छैनन्, कतिपय ठाउँमा कालोबजारी छ, सरकारले मल पाउने आश्वासन मात्रै दिँदै आएको छ, किसानले भोग्नु परेको समस्या समाधानको लागि ध्यानकर्षण गराउन चाहन्छु।"



भारतसँगको जिटुजी सम्झौताको प्रक्रियाको अन्योलका नाममा हालसम्म मल आपूर्ति नभएकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो । सार्वजनिक खरिद ऐनले गरेको व्यवस्थाअनुसार सम्झौता भएको ३० दिनपछि मात्रै आपूर्ति सुरु गर्ने व्यवस्था भएकाले यसलाई परिवर्तन गरेर अन्तर्राष्ट्रिय व्यवस्थाअनुसार आठ दिनमा आपूर्ति सुरु गर्ने व्यवस्था गरेमा समयमा मल ल्याउन सकिने सरकारी अधिकारीको भनाइ छ।

सांसद संग्रौलाले प्रश्न गर्नुभयो, "यदि त्यसो हो भने संसद् चलिरहेको छ, सार्वजनिक खरिद ऐन संशोधन गर्न के ले रोकेको छ ? के नयाँ चुनाव भएपछि मात्रै संशोधन गर्ने हो ? कि, अरु कुनै कारण छ, जवाफ चाहियो। मलको अभावमा देशभित्रै प्राङ्गारिक मल उत्पादन गर्ने हाम्रो योजना खोइ ? रासायनिक मल उत्पादन गर्ने कारखाना खोल्ने हो भने त्यसको योजना खै ?"

गतवर्ष सप्तरीका किसानले रासायनिक मलका लागि आन्दोलन गरेका थिए। गत असारमा धादिङका किसानले दुई ट्रक रासायनिक मल सडकमै खोसेका थिए। गत साता मात्रै सरकारले भारत सरकारसँग पाँच वर्षका लागि करिब नौ लाख मेट्रिकटन रासायनिक मल खरिद गर्ने सम्झौता गरेको थियो। बैठकमा नेकपा (माओवादी केन्द्र) का अमनलाल मोदीले भारतीय आयल निगमले पेट्रोलियम पदार्थको समायोजनको निम्ति दुई पटकसम्म पत्र पठाउँदासमेत सरकारले ध्यान नदिएकामा चिन्ता व्यक्त गर्नुभयो। नेकपा (एमाले) का झपटबहादुर रावलले कैलाली जिल्लाका विभिन्न जङ्गलमा रहेका बाघको व्यवस्थापन गर्न सरकारको ध्यनाकर्षण गराउनुभयो। एमालेका दलबहादुर रानाले भूउपयोग ऐन कार्यान्वयनको माग गर्नुभयो। सांसद केदार सिग्देलले वर्तमान सरकारले सुकुम्वासी र अव्यवस्थित बसोबासको समस्यामा गम्भीर नभएको बन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

उहाँले भन्नुभयो ,"आश्वसन होइन, जनताले लालपूर्जा खोजेका हुन, सुकुम्वासी आयोगको ध्यान त्यतातिर केन्द्रीत होस्, यथाशीघ्र सुकुम्वासी र अव्यवस्थित बसोबासलाई लालपुर्जा वितरण गराउन सभामुखमार्फत सरकारको ध्यनाकर्षण गराउन चाहान्छु ।" रासस

# औद्योगिक क्षेत्रको भाडा वृद्धिको विषय समाधान हुन्छ : मन्त्री बडू

काठमाण्डु। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले औद्योगिक क्षेत्रको भाडा वृद्धिसम्बन्धी विषयलाई मन्त्रालयले उच्च प्राथमिकतामा राखेको र निजी क्षेत्रसँगको सहकार्यमा समाधान गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ।

नेपाल उद्योग परिसङ्घको ज्ञापनपत्र बुझ्दै उहाँले समस्या समाधानका लागि आफूले सकारात्मक पहल गरिरहेकाले व्यवसायीलाई नआत्तिन आग्रह गर्नुभयो। उद्योग सचिव अर्जुनप्रसाद पोखरेलले औद्योगिक क्षेत्रमा लगानीकर्ताले सहजरूपमा उद्योग सञ्चालन गर्न पाउनुपर्ने भन्दै उद्योगी र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडबीच छलफल गरी दीर्घकालीनरूपमा समस्या समाधान गरिने बताउनुभएको परिसङ्घले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ। परिसङ्घले औद्योगिक क्षेत्रमा रहेका उद्योगको बढाइएको जग्गा भाडा तत्काल फिर्ता गर्न आग्रह गरेको छ। परिसङ्घका कार्यवाहक अध्यक्ष कृष्णप्रसाद अधिकारी नेतृत्वको परिसङ्घ टोलीले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री बडू र उद्योग सचिव पोखरेललाई भेट गरी औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले बढाएको भाडा फिर्ता गर्न र दीर्घकालीनरूपमा समस्या समाधान गर्न आग्रह गरेको हो।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले उद्योगमा रहेका उपकरणका आधारमा (भण्डारण रहेकासमेत) विद्युत्को डिमाण्ड चार्ज लिने, उद्योगलाई आवश्यक पानी उद्योग आफैँले बोरिङ गरी निकालेको पानीमा समेत मिटर जडान गरी शुल्क लिने तथा अवाञ्छित तवरले जग्गाको भाडा बढाउनेलगायतका कार्यप्रति परिसङ्घले आपत्ति जनाएको छ।रासस

# बढ्यो सुनको मूल्य



काठमाण्डु । सुनचाँदी बजारमा मंगलबार छापावाल सुनको मूल्य प्रतितोला रु ९५ हजार ६०० तोकिएको छ । अघिल्लो दिन प्रतितोला रु ९५ हजार ४०० मा कारोबार भएको पहेँलो धातु मंगलबार प्रतितोला रु २०० ले बढेको हो।


नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणअनुसार मंगलबार तेजाबी सुनको मूल्य प्रतितोला रु ९५ हजार १०० छ। यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९४ हजार ९०० थियो।

त्यस्तै मंगलबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा स्थिर रही प्रतितोला रु एक हजार २२० तोकिएको महासङ्घले जनाएको छ। महासङ्घले अन्तर ष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ। रासस

# मधेशमा कोरोना बढ्दै

**टुडे समाचारदाता**

जनकपुरधाम । पछिल्लो केही दिनदेखि मधेश प्रदेशमा कोरोना संक्रमितको संख्या बढ्दै गएको छ । संक्रमितको संख्या बढ्दै गएपछि मधेश प्रदेश सरकारले कोरोना महामारी नियन्त्रण तथा व्यवस्थापनमा सक्रियता बढाएको छ ।



स्वास्थ्य निर्देशनालयका अनुसार पछिल्लो २४ घण्टामा ४ जना कोरोना संक्रमित थपिएको छ । यो सँगै मधेश प्रदेशमा सक्रियकोरोनाको संख्या ६४ पुगेको स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

प्रदेश सरकारले कोरोना महामारीलाई मध्यनजर गर्दै आफू मातहत रहेका अस्पतालहरुलाई कोरोना संक्रमितहरुको स्वास्थ्य उपचारको व्यवस्थापन सुदृढ गर्न निर्देशन दिएको छ ।

त्यसैगरी, कोरोनाले बढी प्रभावित संक्रमितको स्वास्थ्य उपचारको लागि मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा व्यवस्थापन गरिएको छ । स्वास्थ्य विज्ञान प्रतिष्ठानले लामो समयदेखि जनकपुरधामको मुजेलियास्थित कोभिड विशेष अस्पताल संचालन गर्दै आएको छ । उक्त कोभिड अस्पतालमा भेन्टिलेटरसहितको सुविधा उपलब्ध रहेको छ ।

त्यसैगरी, स्वास्थ्य निर्देशनालयले प्रदेशका ८ वटै जिल्ला स्वास्थ्य कार्यालयहरुलाई कोरोना विरुद्धको खोप कार्यक्रमलाई तीव्रता दिन निर्देशन दिएको छ । स्वास्थ्य निर्देशनालयका निर्देशक विजय झाले प्रदेशमा ८५ प्रतिशत जनताले कोरोना विरुद्धको भ्यासिन लगाई सकेको बताउदै आफुहरुले बुस्टर डोजमा जोड दिइरहेको बताए ।

प्रत्येक ६ महिनामा बुस्टर डोज लगाउनु आवश्यक रहेको बताउदै निर्देशक झाले भने, तर हाम्रो प्रदेशमा अझै कतिपयले बुस्टर डोज लगाउन चाहिरहेका छैनन् । त्यसकारण हामीले यो सम्बन्धी प्रचार प्रसारमा ध्यान दिइरहेका छौ ।' कोरोना महामारी नियन्त्रणका लागि मास्क अभियान, बुस्टर डोजसहित कार्यक्रमलाई तीव्रता दिएको उनले बताए ।

त्यसैगरी, सीमावर्ति क्षेत्र वीरगंज, गौर र भिठ्ठामोडमा चालु आर्थिक वर्षमा होल्डिङ्ग सेन्टर निर्माण गरिने विषयमा छलफल भइरहेको उनले बताए ।

# मलमा कालोबजारी



**टुडे समाचारदाता**

सबैला । धनुषामा मलको कृत्रिम हाहाकारको अवस्था छ । किसानलाई खेतमा मल चाहिएको बेला व्यवसायी तथा सहकारीहरुले कालोबजारी गर्ने उद्देश्यले कृत्रिम हाहाकारको अवस्था सिर्जना गरेको हो । ती व्यापारीहरुले नै कालोबजारीमा चोरबाटोबाट विक्रि गरी रहेको पाइएको छ ।

सबैला नगरपालिकाले अनुमति दिएको सोनी उपभोक्ता सहकारीले पनि कालोबजारी गरेको आरोप लागेको छ । उनले २४ सयपर्ने खाद्य ३ हजारमा किसानलाई विक्रि गरेको पाइएको छ । मलको हाहाकार भएको भन्दै उनले किसानलाई ठगी रहेका छन् । 'नजिकैको डिलरमा धाउँदा धाउँदा थाकिसके । दुई तीन दिनसम्म डिलरमा धाउँदासमेत मल नपाएपछि निरास भएर रित्तो हात घर फर्किए,'श्याम यादवले भने,'धानमा मल छर्ने बेला मल पाउन सकिएको छैन । तर कालो बजारीमा त्यही डिलरले विक्रि गरिरहेका छन् ।'

किसानहरुले मल नपाएपछि नगर प्रमुख कारी यादवलाई ध्यानाकर्षण गराएको थियो । प्रमुख यादवले पहल गर्ने बताएर समस्या समाधान नगरी पञ्छिएका छन् । यी समस्या मधेश प्रदेशको प्रायः जिल्लामा छन् । वर्षा भएको बेला किसानले मल नपाउनु र मल पाएको बेला पानी अभावजस्ता समस्या किसानले वर्षौदेखि झेल्दै आएका छन् । जल र मलको पीडाले मधेशका किसान पिरोलिएका छन् ।

धान खेतीका लागि नभइ नहुने रासायनिक मल आउने अझै टुंगो छैन । रोपाइँका बेला चाहिने युरिया, डिएपी र पोटास मलको पत्तो नहुँदा मधेशका अधिकांश किसान रोपाइँ गर्न सकेका छैनन् भने रोपाई भएको धान मल अभावमा बिग्रिन थालेका छन् ।

किसानलाई तत्काल मल अत्यावश्यक छ । तर किसानले मल पाउन भारत वा कालोबजारी बाहेकका विकल्प छैन् । किसानले समयमा मल नपाउँदा उत्पादनमा ह्रास आउने निश्चित रहेको किसानहरुको चिन्ता छ ।

# लगपाँच पर्व सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामसहित मधेश प्रदेशको घरघरमा 'लगपाँच' पर्व मनाइएको छ । मंगलबार सर्प (नाग) प्रजातिका जीवको पूजाआराधना गरी श्रद्धापुर्वक मनाइएको हो । यी पर्वले मिथिला क्षेत्रमा चाडपर्व सुरु भएको सूचकको रुपमा पनि मानिएको छ ।

साउन शुक्ल पञ्चमीका दिन बसोबासको मूल घरका चारैतिर भित्तामा गाईको गोबरले नागको चित्र कोरेर दुबो, सिन्दूर र अक्षता चढाई नाग देवताको आराधना गरिएको थियो । घरमुली गृहिणीले पण्डित गणेश झा बताउँछन् । पर्वमा घरका चारै सुरका भित्तामा नागचित्र कोरिनसँगै मुख्यद्वारमा कागजमा कोरिएको (बनाइएको) चित्र पनि टाँसिन्छ । घरआँगनको मध्यभागमा गाईको गोबरले लिपेर बनाइएको वेदीमा गोबरकै कुण्डमा घरकी मुख्य गृहिणीले दूध, लावा चढाएर नागमहिमा वर्णन गर्दै घरका सबैको रक्षा गर्न नागदेवतासँग पुकार गर्छन् ।

'लगपाँच' सकिए लगत्तै राखी (रक्षावन्धन), त्यसलगत्तै कुशे अमावश्या (कुशेऔशी), चौरचन, इन्द्रजात्रा, पितृपक्ष, दशैं, दिवाली



'लगपाँच' का दिन विहानै पवित्र स्नान गरेर भित्तामा नाग चित्र कोरेर पूजा आराधना गर्दै सर्पले रुचाउने भोजन दूध, लावा (भुटेको धान, जुनेलो) चढाएका थिए ।

साउन मध्य बर्खाभित्र पर्ने र यो बेला सर्पादिको भय हुने हुँदा नाग पूजाको परम्परा चलेको मैथिल पुरोहित बताउँछन् । घरको भित्तामा गाईको गोबरले नागचित्र कोरेर पूजा गरिएपछि वर्षभरि सर्पको भय नहुने जनविश्वास रहेको (दिपावली, तिहार) र छठ लगालगी आउने हुँदा यो पर्वलाई पूर्वसूचना मानिएको छ । हिन्दू परम्परा सबै जीवप्रति समभाव राख्ने र प्रकृति पूजक भएको हुँदा सर्पादिको बढी चहलपहल हुने साउनमा नागपूजाको परम्परा बसेको पण्डित झा बताउछन् । हिन्दू मैथिल परम्परामा विभिन्न जीव र वनस्पतिको पूजा आराधना तिनको महत्व झल्कने समय (ऋतु, महिना) अनुसार गरिने चलन रहेको उनको भनाइ छ ।

# सडक शिलान्यास




**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको पोखरीयाका विभिन्न टोलमा १८ करोड रुपैयाको लागतमा निर्माण हुन थालेको सडकको शिलान्यास गरिएको छ ।

पोखरिया नगरपालिका वडा नम्बर १ बनकटवा, वडा नम्बर ५ सतवरिया र वडा नम्बर ६ सिर्सियामा निर्माण हुन लागेको सडकको पर्सा क्षेत्र नम्बर ३ का सांसद हरिनारायण रौनियारले मङ्गलबार शिलान्यास गरेका हुन् ।

संघीय सरकारको एक सांसद एक रणनीतिक कार्यक्रम अन्तर्गत पोखरीयाको ३ वटा वडामा १८ करोड रुपैयाको लागत सडक निर्माण गर्न थालिएको हो । सडक निर्माणको लागि सांसद रौनियारले पटक पटक भौतिक पूर्वाधार मन्त्रालय र सम्बन्धित निकायकोमा पहल गरेका थिए ।

शिलान्यास कार्यक्रममा सांसद रौनियारले सडक निर्माण भएपछि त्यस भेगका जनतालाई आवागमनमा थप सहज हुने बताए । रौनियारले आगामी दिनमा समेत जनताको चाहना अनुसार बिकास निर्माणका कामका लागि आफनो पहलकदमी जारी रहने प्रतिबद्धता जनाए ।

ग्रीस नन्दनको अध्यक्षतामा भएको सडक शिलान्यास कार्यक्रममा पोखरीया नगरपालिकाका मेयर प्रद्युमन चौहान ,जनता समाजबादी पार्टी पर्साका अध्यक्ष रामनरेश यादव , मधेश प्रदेशकी प्रदेशसभा सदस्य करिमा बेगम , जसपाका नेता गौरीशंकर साह , लोसपा नेता नेजामोदीन समानी ,सखुवा प्रसौनी गाउँपालिकाका पूर्व अध्यक्ष प्रदीप जयसवाल , पोखरिया नगरपालिकाकी पूर्व उपमेयर सलमा खातुन लगायतको सहभागिता रहेको थियो ।

# नाट्यकर्मीले दर्शकको आँखा रसाए

**टुडे समाचारदाता**

राजविराज । तराई मधेशमा ढकिया (ढक्की) मै राखेर नागरिकता तरकारी जस्तै खरीद बिक्रि हुन्छ भन्ने प्रचारबाजीमा लागेका र त्यस्तो सोच राख्नेहरुमाथि मंगलबार एक सन्देशमूलक नाटक मञ्चनमार्फत चोटिलो प्रहार गरिएको छ ।

स्थानीय जिल्ला समन्वय समितिको सभाकक्षमा सरिता फाउन्डेशन र आसमान नेपालद्वारा संयुक्त रुपमा आयोजना गरिएको "ढकियामे नागरिकता" विषयक नाटकका कलाकारहरुले कला प्रस्तुतीमार्फत यस्तो चोटिलो प्रहार गरेका हुन् । उनीहरुले नागरिकताको विषयमा भोटको राजनीति गर्ने नेता र नागरिकता बनाउने टोलीमा गाउँ गाउँमा खटिने कर्मचारीले सोझासाझा जनतासँग गर्ने व्यवहारप्रति पनि अभिनयमार्फत प्रहार गरेका छन् ।



नागरिकता नहुँदा शिक्षण संस्थामा भर्ना लिन, बैंकमा खाता खोल्न, जग्गाजमिन खरीद गर्न, सिमकार्ड लिन, जागिरका लागि आवेदन दिन, जन्म दर्ता, विवाह दर्ता गराउन, सामाजिक सुरक्षा भत्ता लिन लगायतका विभिन्न समस्याले छटपटाइरहेका नागरिकताविहीनको पीडा मार्मिक ढंगले अभिनयमार्फत प्रस्तुत गर्दा अधिकांश दर्शकको आँखा रसाएको थियो ।

७५ मिनेटको नाटकमा नाट्यकर्मी सरिता साह, अनिल कुर्मी, राज शर्मा पंगेनी, सुजिता साह, रमिता यादव, सोमनाथ खनाल, सुदिपजंग कार्की, संजय मुढीयारी, रोहित साह, कृष्णकुमार महतो, हाङ-ओ-हाङ राई, सरस्वती अधिकारी र सुदिप पटेलले अभिनय गरेका थिए ।

नाटकले चेतनामूलक सन्देश दिन खोजेको उक्त नाटकका लेखक एवं निर्देशक समेत रहेकी सरिता साहले बताइन् । तराई मधेशमा ढकिया (ढक्की) मै राखेर नागरिकता बिक्रि वितरण हुन्छ भन्ने सोचलाई चिर्दै वास्तविकता अर्कै रहेको र ढकीया रित्तै रहेको देखाउने प्रयासस्वरुप उक्त नाटक प्रदर्शन गरिएको उनले बताइन् ।

उनले भनिन, 'गलत प्रचारबाजी र तराई मधेशमा नागरिकता नपाउँदा देखिएको दयनीय र भयावह अवस्था बारे सरोकारवालाको ध्यानाकर्षण गराउन र सोच परिवर्तन गराउन यस्तो सन्देशमूलक नाटक प्रदर्शनमा ल्याएका हौं ।'

नागरिकता संशोधन सम्बन्धी विधेयक अहिले प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट पारित भई प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पुगेको अवस्था छ । राष्ट्रपतिबाट प्रमाणीकरण भएसँगै उक्त विधेयक कानूनको रुपमा लागु हुने र आफूहरुले नाटक मञ्चनमार्फत उठाएका पीडाहरुको धेरै हदसम्म सम्बोधन हुने आयोजक संस्थाको विश्वास छ ।

राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि जन्मसिद्धका सन्तानले बंशजको नागरिकता लिने बाटो खुल्ने छ भने नेपाली नागरिकसित विवाह गर्ने विदेशी महिलालाई वैवाहिक अंगिकृत नागरिकता लिन पनि कुनै कठिनाई नहुने कार्यक्रममा सहभागी जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साहले बताए ।

# मुआब्जा सम्बन्धी प्रतिवेदन हस्तान्तरण

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगन्जमा रहेको नारायणी रंगशालाको जग्गा मुआब्जा एंव सट्टापट्टा छानविन उपसमितिले राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा प्रतिवेदन बुझाएको छ ।

नारायणी रंगशालाको हकभोगमा रहेको कुल १८ बिघा जग्गा मध्ये १० जना व्याक्तिको १४ कठ्ठा निजी जग्गा रहेकोले उक्त समस्या समाधानका लागि राखेपको ९३ औं बोर्ड बैठकले राखेपका सदस्य मानदेव हजाराको संयोजकत्वमा जग्गा मुआब्जा एंव सट्टापट्टा छानविन उपसमिति गठन गरेको थियो । उक्त समितिले नै राखेपका सदस्य सचिव टंकलाल घिसिङलाई आफनो प्रतिवेदन बुझाएको हो ।



उपमितिले १० जना जग्गा धनीहरुसँग छलफल गरेर प्रतिवेदन तयार पारी राखेपका सदस्य सचिव घिसिङलाइ बुझाएको उपसमितिका संयोजक हजाराले बताए ।

हजाराका अनुसार अब राखेपले उक्त प्रतिवेदन बोर्ड बैठकमा प्रस्तुत गरेपछि खेलकुद मन्त्रालय हुँदै अर्थ मन्त्रालयसमक्ष पुगेपछि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा मूल्यांकन समितिले मूल्यांकन गरेपछि मुआब्जा वितरणको काम अघि बढ्नेछ ।

# मोटरसाइकल चोर पक्राउ



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी प्रहरीले चोरिएको मोटरसाइकलसहित तीन जनालाई पक्राउ गरेको छ । १५ साउनमा बर्दिवास नगरपालिका-१४ स्थित सेञ्चुरी बैंक अगाडि पार्किङ गरी राखिएको ज.७प ४५८६ नम्बरको चोरी भएको मोटरसाइकल खोज्ने क्रममा प्रहरीले थप तीन वटा मोटरसाइकल बरामद गरेको छ भने तीन जनालाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय बर्दिवासका प्रहरी नायप उपरीक्षक रबी रावलका अनुसार चोरी भएको मोटरसाइकल खोज्ने क्रममा बर्दिवास ७ स्थित रामएकबाल यादवको घरबाट उक्त मोटरसाइकलसहित थप तीन वटा बरामद भएको छ ।

यादवको घरबाट ज. ७ प ४५८६ नम्बरसहित अन टेस्ट १६० सिसिको एपाची, ज.१२ प. ८४८६ र प्र.२-०१-००२ प ५५२ ९ नम्बरको मोटरसाईकल लुकाई छिपाई राखेको अवस्थामा फेला पारिएको डीएसपी रावलले बताए ।

मोटरसाईकल चोरी गर्ने २३ बर्षीय रामएकवाल यादव, उनका भाई २१ वर्षीय रामलक्ष्मण यादव तथा महोत्तरीकै भंगहा नगरपालिका ४ बस्ने २२ बर्षीय सुनिल कुमार रामलाई पक्राउ गरी जिल्ला अदालतवाट म्याद थप गराएर अन्य अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# सर्प दन्स उपचार केन्द्र अलपत्र

**टुडे समाचारदाता**

बारा । लाखौं खर्च गरेर जीतपुर सिमरा उपमहानगरपालिकाको जीतपुरमा बनाइएको सर्प दन्स उपचार केन्द्र बर्षौ देखि अलपत्र परेको छ । योजनाबिना नै करिब ४ बर्ष अगाडि २८ नम्बर बाहिनी भित्र बनाइएको सर्प दन्स उपचार केन्द्रलाई सञ्चालनका लागि नेपाल सरकारको स्वास्थ्य मन्त्रालयले जारी गरेको मापदण्ड भित्र नपरेका कारण सञ्चालनको अनुमति दिएको छैन् ।

करिब पाँच लाखको लागतमा उपमहानगरपालिकाले खरिद गरेको औषधि पनि प्रयोगमा नआएर म्याद नाघेर खराब हुन थालेको छ । जीतपुर सिमरा उपमहानगरपालिकाको स्वास्थ्य शाखा प्रमुख रबि भाष्करले ईपिडिमिलोजी तथा रोग नियन्त्रण महाशाखाले तोके बमोजिम मापदण्डको संरचना र भेन्टीलेटर सहितको उपकरणको अभावमा सर्प दन्स उपचार केन्द्रले सञ्चालन अनुमति नपाएको बताए ।

स्वास्थ्य महाशाखाले सञ्चालन अनुमति पश्चात मात्र सर्प टोकेको मानिसको उपचारमा चाहिने एन्टी स्नेक भेनोम सिरम भेक्सिन पठाउँने ब्यवस्था छ । यो भेक्सिन नेपाल सरकारले नै किनेर स्वीकृति दिएका स्वास्थ्य संस्थामा पठाउने गरेको छ । सर्प दन्स उपचार केन्द्र सञ्चालनको निम्ति नेपाली सेनाको २८ नम्बर बाहिनी अड्डा र जीतपुरसिमरा उपमहानगरपालिकाबिच सम्झौता भएको छ ।

सम्झौतामा भौतिक पूर्वाधार र आवश्यक सामग्री उपमहानगरपालिकाले उपलब्ध गराउने र प्राबिधिक सेवाहरु नेपाली सेनाले प्रदान गर्ने उल्लेख छ । जीतपुर सिमरा उपमहानगरपालिकाको कार्यालयले २२ लाख ५१ हजार २ सय ५४ रुपैयाको लागतमा सर्प दन्स उपचार केन्द्रका लागि दुई कोठे भवन र एउटा शौचालय निर्माण गरेको छ ।

**सफा र स्वच्छ पानी पिऔं, मुहानको संरक्षण गरौं ।**

- पानीको मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुङ्गी तथा अन्य जिवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- इन्टेक (मुल), प्रशोधन संयन्त्र तथा पानी भण्डारण गर्ने टयाङ्की नियमित रुपमा सफा गरौं ।
- घर वा सार्वजनिक स्थलका पानी टंयाकी, धाराको टुटी तथा पानी जम्मा गरिएका भाँडो नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८